# अन्तहीन सपना: मेरो विपना

(सन् १९७९ इ ८५ मा लिखित)

**पवन चामलिङ 'किरण'**

प्रकाशक:

**निर्माण प्रकाशन**

नामची (सिक्किम)

प्रकाशिका:

श्रीमकी घनमाया चामलिङ

**निर्माण प्रकाशन**

राङगाङ बस्ती, याङगाङ बजार

दक्षिण सिक्किम।

प्रथम संस्करण : १९८६

द्वितीय संस्करण : १९९३

तृतीय संस्करण : १९९६

मूल्य : ५०/- भा० रू०

सर्वाधिका : रचनाकारमा सुरक्षित

मुद्रक : ताज प्रेस, मायापुरी, नई दिल्ली

**समर्पण**

मेरो पूजनीय आमा-पापा

**श्रीमती आशरानी एवं श्री आशबहादुर चामलिङ**

प्रति

सश्रद्धा-भक्ति चरणकमलमा

यो तुच्छ कृति

समर्पित !

छोरा जेठो,

**पवन**

## दोस्रो संस्करण बारे

'अन्तहीन सपना : मेरो विपना' को दोस्रो संस्करण प्रकाशित हुँदैछ। यस संस्करणमा छ वटा कविता हरू थपेर समावेश गरिएका छन् भने अरू कविताहरू केही संशोधन गरेर राखिएका छन् यो दोस्रो संस्करण सम्बन्धई सहयोग पुर्‍याउने साहित्यिक साथी-भाइहरूलाई म हार्दिक धन्यवाद व्यक्त गर्दछु।

बनारस
२४ डिसेम्बर १९९२

**पवन चामलिङ 'किरण'**

## पहिलो संस्करणको प्रस्तावना

अतीतको बाटो वर्तमान अभिए भविष्यलाई टेक्छन् कविहरू। स्वदेशको गौरव-गान गर्नमा र स्वजातिको उत्थान, पतनको कथा हाल्नमा जाँगरिला भावुक कविहरू द्रष्टामात्र नभएर स्रास्टा पनि हुन्। जनताबाट उठेको र यथार्थमा जन-जीवनको मर्म बुझेका कविहरूले जनताकै हाँसो, रूदन, आशा-निराशा र सपना-कल्पनाको प्रतिनिधित्व गरेका हुन्छन् आफ्ना काव्यकृतिमा। यसै भएप युग-बोध-युक्त प्रतिभाशाली कविबाट स्वयं नयाँ युगले कृतज्ञ बन्नुपरेको हुन्छ। इतिहासमा यस्ता उदाहरणहरू थुप्रै छन्। अन्धकारमा रूमल्लिएका र आफ्नो सामर्थ्य र गन्तब्यबाट अपरिचित अचेत जनतलाई चेतनाको राँको बालेर बाटो देखाउन र असीम शक्ति सामर्थ्यको आत्म-बोध दिन औधि सिपालु हुन्छन् कविहरू।

स्वान्तःसुखवादी सृजकहरू र कलावादीहरू आफ्नो संकीर्णता पर दुरूहतामा अल्झिएर, आफू मर्नुभान्दा पहिल्यै साहित्यिक मृत्यु मर्न बाध्य भएका देखिेका छन् भने जन-जीवनको उत्थानका निम्ति मानव जीवनमा सर्वाङ्गीन उज्यालो परिवर्तनका निम्ति कलम उठाउनेहरू दिनादिन जनप्रिय बन्दै गएका छन्। वर्तमान र भविष्य त्यस्तै जनपक्षीय कवि लेखकहरूको छ। यो संसार विशाल ग्रन्थ हो र मावन स्वयं ज्यूँदा-जाग्दा अक्षरहरू हुन्। व्यवहारमा यी अक्षरहरूलाई राम्ररी पढ़ेर प्राप्त सारलाई कविले कवितामा दिन्छन् भने, अनि त्यो सारतत्त्व जनोपयोगी सत्यं शिवं सुन्दरम्ले युक्त छ भने त्यस्ता कवि, लेखक देश, समाज र युगका नै मूल्यवान् रत्न हुन्। दुइ-चारजना स्वघोषित ठालूहरूले नाक चेप्याए पनि विशाल जन-समुदायले त्यस्ताको अभिनन्दन गर्ने दिन आउँछ।

कविले जीवनलाई विभिन्न आयामबाट हेर्छ। ऊ फोटो मात्र खिंच्दैन, व्याख्या, विश्लेषण र समीक्षा पनि गर्छ तर आफ्नै सूत्रबद्ध र कलात्मक भाषा-शैलीमा। संप्रेषणीयता, सूत्रबद्धता र जीवनपरकता कविताका आवश्यक गुणहरू नै हुन्। संसार त सबैले देख्छन्, भोग्छन्, तर संवेदनशील हुनको नाता कवि अरू सबैले भन्दा बढ़ी स्पर्शशील अनुभितिहरू बटुल्छन्; ती अनुभुतिहरू साधारणीकृत हुन्छन् र आत्मीय र अभिन्न बन्दै पाठहरूलाई आफ्नो प्रवाहमा बहाउन सक्षम हुन्छन्। यही नै साँचो कवि र कविताको विशेषता हो।

गद्य र पद्य कविताका दुइ शैलीहरू हुन्। अनुभुतिमा तीव्रता र प्रस्तुतीकरणमा सरसता छु भने कविता बन्छ। जबर्जस्ती शब्द खोजेर तुक्का मिलाउँदैना कविता बन्दैन। पद्यलाई नै कविता सम्झेर शब्दलाई चारैतिर भने पनि कनीकुथी मिलाउने अनावश्य श्रृंखलाको युगबाट आज कविता मुक्त भएको छ। पद्यमा पनि लेखिन सक्छ। तर शब्दका हातखुट्टा भाँचेर हैन, कलकल निनादिनी पार्वत्य-सरितामा जस्तै लय र प्रवाह दिएर लेख्न सकिएको हुनुपर्छ। पद्यवादी शस्त्रीय अध्यासतिर लागेर समय खेर फाल्नुभन्दा जीवनजस्तै प्रवाहमय गद्यमा कविता लेख्नु संक्षेप र सारको दृष्टिले पनि नराम्रो कुरा हैन। अपितु राम्रो कुरा हो। अपितु राम्रो कुरा हो।

विलासीहरूको मनोरञ्जन निम्ति नभएर बहुसंख्यक जनताको चेतना-बृद्धिका निम्ति लेखिने कवितालाई नारावादी भनेर खोट लगाउने चलन पनि छ। अभिव्यक्तिमा कलात्मकता भएन भने अभिधेय पनि संप्रेषणीय बन्न सक्दैन, यो सबैले बुझेकै कुरा हो। अतः सहज र सरल शैलीमा रचिएका जनपक्षीय कवितालाई युगानुकूल विचार पेश गरेको आधारमा 'नारावादी' भनेर गिज्याउन र होच्याउन मिल्दैन। पतनका गोप्य पुकारहरूभन्दा उत्थानका उदात्त नाराहरू जीवन र जगत्को लागि मूल्यवान हुन्छन्।

जीवनमा उत्थान र पतन दुवै छन्। शोषण, अन्याय, अत्याचारले व्याप्त यो विषम संसारलाई शोषण, अन्याय अत्याचारविहीन मनोरम तथा सर्वहितैषी स्थितिमा बदल्न एक दुइजनाले चिताएर मात्र पुग्दैन। वर्षौंदेखि जरा गाड़ेको यस्तो क्रुर

यथास्थितिको विरूद्ध एउचा विप्लवी भूकम्पको आवश्यकता पर्छ। यस तथ्यलाई आधारभूत जनताले बुझून र नयाँ बिहानी ल्याउनका निम्ति अनुकुल मनस्थिति बनाएर जटिल परिस्थितिको सामना गर्दै व्यापक जनता अगाड़ि बढून् भन्ने चाहनु आजका कविको युगीन ईमानदारी हो। नवयुगको बीजन र सम्पूर्ण खेतीका प्रक्रियाहरू आधाभूत जनतानै हुनुपर्छ। अन्यथा ढुंगामाथि परेको बीज जस्तै अगणित विप्लवी योजनाहरू कुराकानीमै कुहिन्छन्, सुक्छन्। कवि बुद्धिजीवी हुनुको नाताले आफ्नो समान परिवेशमा आवश्यक चिस्यान नपाएर खेरो गएका बीजहरूलाई हेर्दै कदाचित् निराशाको अनुभव गर्न थाल्छन्। यो स्वाभाविक पनि हो। तपर यी अवोध कीराहरूलाई अँध्यारोमा निसास्सिएर बाँचेका जनताहरू सदा-सर्वदा यस्तै रहनेछैनन्। तिनीहरूमा चेतनाको प्रकाश पुगेपछि कविले चाहेजस्तै उज्यालो युग उम्रनै हुर्कनै र फुल्नै,फल्ने उर्वरक भूमि त त्यही नै हो। हिंड़दा-हिंड्दा बटुआ थाक्छ, केही क्षण उसलाई विश्राम चाहिन्छ। बुझाउँदा-बुझाउँदा पनि अपेक्षित रूपमा नबुझेको देखेर कदाचित् बोधक निराश हुन्छ। जीवनमा आशा, उल्लास र उमंगजस्तै उच्छवास, विश्वास र थकाई पनि छन्। लक्ष्यशील पथिक यस्ता निराशजनक तथा प्रतिकूल स्थितिहरूलाई जीतेर अगाड़ि बढ्छ। निरन्तर अगाड़ि बढ्छ इतिहास त्यसरी अगाड़ि बढ्नेले नै निर्माण गरेका छन्।

प्रस्तुत कविता संग्रह 'अन्तहीन सपना : मेरो विपना' उल्लेखित कुराहरू एउटा काव्यात्मक उदाहरण हो।

सिक्किमको धार्मिक, सांस्कृतिक शीर्य-वीर्य र रमणीयताको आफ्नै अतीत कथा छ। अनि आफ्नै खालको वर्तमान व्यथा पनि छ। ती कथा र व्याथालाई आत्मसात् गरेका प्रस्तुत कविता-संग्रहका कवि श्री पवन चामलिङज्यूले सिक्किमेली जनताको सजीव चित्र उतारेका मात्र छैनन्; तिनका इच्छा, आकांक्षा, आशा, विश्वासलाई पनि प्रभावशाली रूपमा अभिव्यक्ति दिएका छन्। स्थिति-साम्यताको कारण नेपाल, भूटान र अन्य क्षेत्रका शोषित, पीड़ित जनसाधारणले पनि यी कविताहरूमा आफूलाई पाउन सक्छन्। कतिपय यस्ता ऐतिहासिक उच्चता र वर्तमान नीचताहरू छन् जसलाई सम्झेर ल्याउँदा अनायास रगत उम्लन्छ। यो तथ्य हो र यसलाई यस कविता-संग्रहका कविले इमानदारीपूर्वक अभिव्यक्त गरेका छन्।

यसमा संकलित कविताहरू शैली र विषय-वस्तु दुवै दृष्टिले राम्रा छन्। ओज, सरलता, प्रवाहशीलता, वैचारिक तथा भाषिक अभिव्यक्ति संतुलनले गर्दा कविताहरू पाठकलाई प्रभावित पार्न सक्षम छन्। कविले जनपक्षका केही कमजोरीहरूलाई पनि आत्म-स्वीकृतिको रूपमा स्पस्ट राखिदिएका छन्। सरसर्ती पढ्नमा कुनै-कुनै कविता निराशवादी जस्ता लाग्छन् तर प्रत्येक निराशको अन्तमा आशाको आव्हान छ, विश्वासको आव्हान छ। उज्जवल भविष्य निर्माणका निम्ति जन-जीवनले आफ्नो स्थितिलाई चिनेर जुरूक्क हुनैपर्ने कुराको आव्हान छ। सार-रूपका कुनै पनि कविताले जन-जीवनको विरूद्ध र आशावादिताको विरूद्ध उभिने प्रयास गरेको छैन। कविताले सिक्किमेली जनतालाई तथा नेपाली भाषालाई एउटा चिरस्मरणीय योगदान दिएका छन्। 'ने बिरूवाको चिल्लापात' भन्ने जन-अनुभवको आधारमा कविताबाट भविष्यमा अझ उत्कृष्ट काव्य-ग्रन्थहरूको आशा गरिन स्वाभाविक हो।

कविताका दुइ-चार उदाहरण दिएर कलम रोकुँ कि ?

परिवर्तनको भोको-प्यासी कवि, कथित क्रान्तिकारीहरूको ढुंगे ओथारो बसाई देखेर खिन्न छन् र भन्छन् इ

**क्रान्ति त हुने खाने ठगहरूले**

**गरीबलाई झुक्याउने र फकाउने**
**नारा मात्र भएको छ।**
**क्रान्ति आफैमा अल्मलिएको छ**
**कतै एक 'छाक' र एक 'बास' भएर त**
**कतै 'स्यावासी' र 'तक्मा' भएर।**

जनता नै क्रान्ति-स्रोतस्विनी हो। त्यसलाई क्रान्ति-विरोधीहरूले अल्मल्याएका छन्। सचेतनाको अभावमा जनता अल्मलिएको छ। जनताको सुनौलो भविष्य पनि वर्तमानमा आउन खोज्दा-खोज्दै कतै अज्ञात भविष्यतिरै अल्मलिएको छ रोकिएको छ। मान्छे आफै अनेक टुक्रामा विभाजित छ, र आपसमा अनावश्यक युद्ध मच्चाइरहेको छ।

**मान्छे-मान्छेमा**
**भयावह युद्ध आक्रमण हुन्छ**
**प्रत्येक घर र मान्छ नै**
**वास्तवमा युद्धभूमि बनेको हुन्छ।**

आर्थिक, राजनीतिक विभिन्न शोषणहरूले प्रताड़ित भएर बित्थामा अर्काका निम्ति युद्धमा लतारिन परेका जनतालाई कवि मर्मस्पर्शी भाषामा भन्छन्-

**मान्छेमात्रको स्वच्छ जीवनका निम्ति**
**हामीले नयाँ युद्ध घोषणा गर्नुपर्छ**
**किनकि हामीले लड्नुपर्ने युद्ध अर्कै छ**
**मान्छेले लड्नु पर्ने युद्ध अर्कै छ।**

यसै भएर **'भोलिको प्रसंगमा'** कवि भन्छन्-

**आजकल झैं त्यति बेला**
**मान्छेका निम्ति लड्नु पर्ने छैन**
**एक पेटका निम्ति मर्नु पर्ने छैन।**

हो, कविलाई वाक्कै लाग्छ कथित सभ्यताको आडम्बर देखेर। मान्छे स्वनिर्मित जेलमा बन्दी छ :

**खाल खालका नाम र काममा परिणत गरेर**
**बाँचिसके मान्छेहरू**
**यसरी मान्छेको महा-अस्तित्वलाई**
**टुक्रा-टुक्रामा विभक्त गरेर पनि**
**मान्छे स्वतन्त्र र सम्पन्न बन्न सक्ने।**

एकलकाँटे मान्छेहरू- मा कविले आफ्नो अस्तित्वको महत्व र मूल्य नबुझेका बिचरा अचेत जनताको चित्रण गरेका छन्। यस्तै त छौं हामी जनता आज-

यी हातहरूले अब त
निर्माण गर्ने हतियारमात्र बनाउनुपर्छ।
यी राजजस्ता अँध्यारा दिनहरूमा
जन्माउन सक्नुपर्छ अब त
स्वस्त सूर्य-बालक एउटा।

यसरी अन्तहीन सपना : मेरो विपना भएका सुन्दर कविताहरूको समीक्षा नै गर्ने हो भने लेख हैन एउटा ग्रन्थ नै तैयार हुन्छ।

सुन्दर र प्रेरणाप्रद कविताहरूको सँगालो प्रकाशित गरी देशबन्धु र मातृभाषालाई मीठो गुन लाउन सक्नुभएकोमा कविलाई बधाई।

रमण नेपाल

एम. ए. बी, एड., बी. एल. साहित्याचार्य

## धन्यवाद निवेदन

भालेढुंगाको कालमा अवस्थित सानो गाउँको नाम हो राङगाङ। यही गाउँमा जन्मेर यहाँकै उकारी-ओरालीमा रमाउँदै म जवान भएझैं मेरा कविताहरू पनि यहाँकै परिवेश, वातावरण र प्रेरणाले गर्दा नै **'अन्तहीन सपना : मेरो विपना'**- ले साकार रूप लिनसकेको स्वीकार गर्छु। पहिलेदेखि अहिलेसम्म लेखिएर पत्र-पत्रिकातिर प्रकाशित र अप्रकाशित कविताहरूलाई संकलन गरी पुस्तकको रूप दिने हुटहुटी भनै किनै वर्ष अघिदेखिकै हो तर मान्छेले चाहेजस्तो र सोचे जस्तो नहुँदोरहेछ भन्ने अनुभव भने यस पुस्तक प्रकाशन कार्यले अवश्यै मलाई भयो। यति लामो अन्तहीन सपना जस्तै कल्पना आज मेरो विपना बनेर तपाईंहरू समक्ष समर्पित गर्नुअघि ती महानुभावहरूलाई धन्यवादसम्म चढ़ाउन भुलें भने **'अन्तहीन सपना : मेरो विपना'** अधुरै रहने छ। उहाँहरूले सहयोग, प्रेरणा, आशीर्वाद नपाएको भए मेरो सपना कहिल्यै विपना हुने थिएन।

आदरणीय गुरूज्यू श्री तुलसी कश्यप प्रति म सँधै ऋणी रहनेछु। उहाँलाई धन्यवाद अथवा कृतज्ञता जनाउन मेरोमा यस्तो कुनै शब्दै नै छैन, जुन शब्दले धन्यवाद भनी! यो पुस्तक उहाँकै प्रेरणा र आशीर्वादले नै तपाईंहरूसमक्ष पुग्न सकेको हो।

पाण्डुलिपि तयार पार्न सहयोग गर्ने भाइहरू-रूपेन चामलिङ, प्रणय लामिछाने, कालुदासलाई साधुवाद मात्र भनेर धर पाउँदिन,

**'अन्तहीन सपना : मेरो विपना'** आफ्नो व्यस्त समयलाई उबारेर सम्पूर्ण कविता बढ़ी सुझाउ र सहयोग समेत दिनुहुने गुरूवार महानन्द पौड्यालज्यूको गुनको भारीले थिचेको छ मलाई,

धन्यवाद ती मेरा अनगन्ती अन्तहीन सपना बोकेका साथीहरूलाई, धेरै कुरामा सहयोग र सल्लाह दिनुभइरहेने दाइ श्री आइ. बी. चामलिङ (राङ्का), भाइ पुण्यप्रसाद शर्मा (गान्तोक) र चन्द्र कार्की (याङगाङ) प्रति सँधै कृतज्ञा छु।

अन्त्यमा प्रस्तावना लेखिदिने विद्वान साहित्यिक श्री रमण नेपालप्रति ज्यादै आभारी छु।

**रचनाकार**

राङगाङ,
दक्षिण सिक्किम।

## कविता सूची


| कविता | पृष्ठ |
|---|---|
| नयाँ वर्ष | १ |
| पाँच कविता | २ |
| एक दर्जन मुक्तकहरू | ४ |
| सपनाको गर्भभित्र | ७ |
| युद्ध | ८ |
| हामीभित्रको स्थिति | ९ |
| राष्ट्रियताको आकाश | १० |
| एउटा अभियान | ११ |
| मान्छे पड्किनुपर्छ | १२ |
| म आएँ ! | १३ |
| कञ्चनजङ्गा | १४ |
| मभित्रको म | १५ |
| मेरो त जातै मान्छे | १५ |
| आजको मान्छे | १७ |
| चोखो सपना चोखो संसार | १८ |
| वास्तवमा | १९ |
| शान्तिहीन मान्छेसँग अन्तहीन कुरा | २० |
| भोलिको प्रसंग : म अनि मान्छे | २१ |
| आदमखोरका बोटहरू उखेल्नुपरेको छ | २२ |
| केही कथा: केही व्यथा | २३ |
| सत्ता | २४ |
| दन्तकथा भइसकेको सत्यकथा | २५ |
| सूर्यजस्तो जल्नुपर्छ | २६ |
| ईश्वरको संसारमा | २७ |
| पाइला र गति | २८ |
| खुकुरीको धारमाथि नाङ्गा कथाहरू | २९ |
| जीवनको खेती | ३१ |

| | |
|---|---|
| आरम्भ नयाँ बाटोको | ३२ |
| एक गीत : भानुको सम्झनामा | ३३ |
| बोकेर विप्लवका प्रखरहरू | ३४ |
| वास्तविकताभित्र | ३५ |
| आकाशवेलीको लहरा र हामी | ३७ |
| यसैले आएको छु | ३८ |
| मान्छेभित्र अनेक टुक्रा | ३९ |
| असम्बद्ध प्रसंग | ४० |
| ब्रह्मपुत्र र कामाख्या पुगेर आफैलाई हेर्दा | ४२ |
| मैले नसम्झेको सम्झनामा | ४५ |
| म | ४७ |
| मान्छेदेखि मान्छेसम्म | ४९ |
| मेरो रातो भाले बास्छ | ५२ |
| क्रान्ति | ५४ |
| मद्रासको सम्झनामा | ५६ |
| मैले पुग्नुपर्ने ईश्वरसँग | ५८ |
| महाजन्म | ६० |
| यस भेकका उकुसमुकुस र स्थिति | ६२ |
| हामी हुनुको बोधमाथि एउटा सत्य | ६४ |
| एकलकाँटे मान्छेहरू | ६६ |
| भानुलाई सम्झेर | ६८ |
| युद्ध अनि युद्ध | ७१ |
| आक्रोशको मोहरीबाट विप्लवका कुरा | ७४ |
| आफैभित्र बन्दी | ७७ |
| एउटा कथा-समाप्तिपछिको अर्को कथा | ८० |
| आकाश-गंगाको देशमा धमिलो नदी | ८४ |

## नयाँ वर्ष

'जीत' भएर आएकोयो नयाँ वर्ष !

'प्रीत' बोकेर आएको यो नयाँ वर्ष !

जीवन, जीवनका निम्ति समानता बटुलेर

सद्भावना, शुभेच्छा लिए आएको यो नयाँ वर्ष

तीन सय पैंसठ्ठी दिनका अङ्ग-प्रत्यङ्गमा

नयाँ व्यवस्था

नयाँ उपलब्ध,

नयाँ उमङ्ग

नयाँ सङ्ग

नयाँ क्रान्ति माँग्दैछ युगले।

नयाँ भावना,

नयाँ कल्पना,

नयाँ विपना,

नयाँ सिर्जना मान्छेले।

ए, नयाँ बेहुली : नयाँ वर्ष !

दिएर जाऊ मान्छेलाई –

नयाँ हर्ष,

नयाँ जोश,

नयाँ होश,तिमी नयाँ वर्ष !

## पाँच कविता

### मानवता रोइरहेछ

अन्याय र अत्यचारले पीड़ित
जिउँदो ईश्वर रोइरहेछ
विश्व व्याकुलतामा, मान्छेको
निर्मम हत्या भइरहेछ...
चारैतिर हेर –
मानवता रोइरहेछ, रोइरहेछ...।

### क्यू

जीवनका एक-एख पल र क्षणहरू
बितिसकेका र
बितिरहेका मेरा दिनहरू -
सबै -सबै मैले
'क्यू' भएर बिताइरहेछु;
मान्छेहरू 'क्यू' भएर बितिरहेछन्,
युग 'क्यू' भएर बितिरहेछ।

### उदाहरण

यस देशका अनगिन्ती मान्छे
लुगा किन्न नसकेर
जाड़ोले कक्रिएर मर्छन्-
र मान्छे त्यही मरिसकेको लाशलाई
बेहिदिएर कात्रो
पुऱ्याउँछ घाटमा।

## यहाँ हामी

जिन्दगीभरि
कुलेन र किन्कुना सिहार्ने
बूढ़ो थामी बाजे
रूघा-ज्वरोको दवाई किन्न नसकेर
अकालमै मर्नुपर्छ,
मरिसकेर पनि
कुलेन र सिन्कुनामै मल भएर
त्यो थूललाई पनि
उसैमा समर्पित गर्नुपर्छ।

## आफैलाई छाम्दाको प्रतिक्रिया

निर्धा रातहरू झैं बाँच्ने मेरा बैंशहरू
'क्यू' भएर बितिरहेछन्
आकाशबेलीको लहराजस्तै-
जराविहीन,
निःसार,
आश्रीत-
एउटा पीढ़ि नै खिइँदै जाँदैछ,
विक्षिप्त भएर जाँदैछ,
'फोसिल' भएर जाँदैछ;
आफैमा सकिंदैछ।

## एक दर्जन मुक्तकहरू

### अभागी जनता

भोका-नाङ्गा कति छन् कति यहाँ
शोषित, पीड़ित बढ़ी उति छन्,
अन्याय, अत्याचार भोगी बाँच्दछन्
अभागी जनता हरे, यहाँ जति छन् !

### जो हुनै नहुने

अत्याचारविरूद्ध लड्ने क्रान्तिकारीहरू नै
स्वंय अत्याचारी भइसकै झैं लाग्छ,
यहाँ बाटो देखाउने अगुवाहरू नै
स्वं बाटेर छेक्ने पहाड़ भइसके झैं लाग्छ।

### भुँड़ी-दौड़

भुँड़ी-दौड़मा नब्बे हारेर
दशको जित्ने पालो छ,
र दश अपच भएर यहाँ
नब्बे भुँड़ी खाली छ।

### चाहिन्छ

यहाँ एक मुट्ठी सासका निम्ति
गाँस, बास र कपास चाहिन्छ,
एउटा सद्दे जिउँदो मान्छेका निम्ति
उसको अस्तित्व र इतिहास चाहिन्छ।

**कति गए**

कति युग र समयहरू चिप्लिएर गए
यी दर्दालु छात्ती र आँखाहरू टेकेर,
कति इच्छा र आकांक्षाहरू सड़ेर गए
अतृप्त यी मान्छेका घरहरू र बस्ती टेकेर।

**प्यासी**

किनार त प्यासी नै छन् यहाँ,
तर नदी पनि त यहाँ प्यासी छन्।
दिनको त के कुरा गर्नु र यहाँ,
रात पनि त यहाँ प्यासी नै छन्।

**बाँच्नेको निम्ति**

मर्नेको सम्झना गर्ने को हुन्छ र,
बाँच्नको निम्ति कोही छैन यहाँ।
रूनेको आँसु पुछ्ने को हुन्छ र,
जबकि मान्छेको मूल्य नै छैन यहाँ।

**काँड़ा त काँड़ै**

काँड़ा त काँड़ै भइगयो यहाँ,
फूल पनि काँड़ा लुकाई फुलेका छन्।
मान्छेको त के कुरा गर्नु र यहाँ,
देवता पनि पाप लुकाई खुलेका छन्।

**नभने पनि हुन्छ**

धर्म र पापको कुरा नगरे पनि हुन्छ,
पाप त मन्दिरबाटै जन्मिन्छ यहाँ।

ईश्वरको सृष्टि-कथा नभने पनि हुन्छ,
सृष्टि त मान्छेबाटै शुरू हुन्छ यहाँ।

## कालो दाग

बत्तीले जति नै प्रकाश दिए पनि
अलिकति अँध्यालो ओगटेकै हुन्छष
चन्द्र रातमा उज्यालो भए पनि
छात्तीमा कालो दाग बोकेकै हुन्छ।

## मान्छेहरू बिलाएका

कुतिया-बारीमा फलाएको फर्सीले
बजारबाट नून साटेर ल्याउँदै गर्दा,
घर पुऱ्याउनै नपाई साउने झरीले
बिलाएर सकेको नून जस्तो-
यहाँ त मान्छेहरू बिलाएका छन् !

## तिमी नरूनू

तिमी नरूनू है नरूनू प्रिय !
तिम्रा आँसुहरू सबै-सबै मैले नै बहाइसकें,
तिमी बाँच प्रिये, तिमी हाँस प्रिये ! सधैं-सधैं
तिम्रा मृत्युहरू सबै-सबै मैले नै अँगालिसकें !

## सपनाको गर्भभित्र

मेरो शिरमा कञ्चनजङ्घा उभेको छ,
मेरो पाइताला भएर टिस्टा र रंगीत बगेका छन्;
म निश्चल मैदान र टेन्डोङ डाँड़ा भएर
सँग-सँगै पाखा र भीरहरूभएर, रूखहरूमा-
एउटा सपनामा अल्झिेको छु सुनखरी भएर
म आफ्नै सपनाको गर्भभित्र छट्पटाएको छु।

धेरै युग बितिसके यसरी,
टिस्टाको धमिलो पानी भएको
धेरै शताब्दी बगिसके, रंगीतको पानी
खेचीपेरी र मेमोइचुले पनि
तिमीलाई पर्खेको यसरी धेरै भइसक्यो,
तर, तिमी त सपनाको गर्भबाट जन्मेनौ !
टिस्टा र रंगीतको पानी तिमीलाई
नुहाएर पवित्र पार्न पर्खेको छ,
तिमीलाई शीतल छाँया दिन
धुपीका रूखहरू पनि उभेका छन्, युग-युगदेखि
तिम्रै स्वागतमा सुनाखरी र सयपत्री पनि
फुलेका फुलेकै छन्,
तर तिमी भने अझै पनि आएनौ
सपनाको गर्भबाट जन्मेर।

## युद्ध

आज युद्ध भइरहेछ...

बम विस्फोट भइरहेछ !

युद्धको विभीषिकामा परेका मानिसहरूका विचार,

ईश्वर-पुकार र प्रार्थना करूण आर्तनादहरू,

निर्दोष मानिसका चकनाचूर सपनाहरू,

विगत, वर्तमान र आगत;

देशको आहरू, मर्यादा र अस्तित्वको नाममा

मानव-संहारमा लागेका दानवहरू,

हार र जीतको दाउमा अन्धा भएर

बम, गोला, बारूद र मिसाइलको

प्रहार गरेर मान्छेमात्रको वर्तमान र भविष्य,

मान्छेको विपना र सपनालाई,

मान्छेको शाश्वत रूपलाई

र अस्तित्वलाई नै

यी यसरी ध्वंस पार्न लागेका छन् !

देश अनि देशको नाममा,

जाति अनि जातिको नाममा,

वाद अनि विवादको नाममा-

हिटलर मुसोलिनी र नोपोलियको नाममा,

पाण्डव र कौरवको नाममा,

राम र रावणको नाममा-

अन्जान रावणको नाममा-

-यहाँ निर्दोष मान्छे नै बलिदानका लागि चुनिंदै आएका छन्।

## हामीभित्रको स्थिति

केही छैन यी निर्धा रातहरूमा
छोड़ेर आशा र भरोसाका सपनाहरू,
यी पनि-
रात जस्तै झूटा र पापी छन्
सपना मात्रै जन्माउने निर्धा रातहरूमा
वास्तवमा असंख्य विपनाहरूको
निर्मम हत्या भएको छ,
यसैले निर्धा बैंशहरू बोकेर
दिनहरू विपनाको खण्डर भएको छ।

## राष्ट्रियताको आकाश

मेरो राष्ट्रियताको आकाशले
मलाई नै थिच्दै-थिच्दै आइरहेछ...!
मेरो धरती मेरै पाइलामुनि
दबिंदै-दबिंदै गइरहेछ...!
मेरो वरिपरि अन्धकार छ,
उकुसमुकुस वातावरण चारैतिर फैलिएको छ;
बारूद, बम र रगतको मसीले
मेरो राष्ट्रको मानचित्र कोरिएको छ।
यही मानचित्रलाई हेर्दै-
यही मानचित्रभित्र आफ्नो राष्ट्रियता खोज्दै
गलेर, थाकेर, हैरान भएर
झोक्रिरहेछन्, मेरा देशका मान्छेहरू-
आफैभित्र राष्ट्रियतालाई कैद गरेर !

## एउटा अभियान

काकाकुलले दूषित पानीको बहिष्कार गरेर
पवित्र पानीको खोजीमा
युग - युगदेखि क्रान्ति गरे जस्तो-
म पनि आज,
बर्बरतापूर्ण मान्छेको संसारलाई
बहिष्कार गरेर;
एउटा अर्कै नयाँ संसारको सपना देख्दैछु।
जहाँ, मेरो मान्छेको बाँच्ने अधिकारमा
‘ हिरोशिमा ’ र ‘ नागासाकी ’ नबाँचून,
मानवताको अदालतमा मान्छेको हत्या नहोस् !
आउने दिनहरूका लागि
मान्छेको बाँच्ने अधिकार खोज्न चाहन्छु,
मेरा मान्छेका ‘तस्वीर’ हरू
युगको ‘अटो’ - भरि कोर्न चाहन्छु !

## मान्छे पड्किनुपर्छ !

युग-युगदेखि लम्पसार सड़क जस्तो
सत्य संसार बोकेका मान्छेहरू
मान्छेकै सड़क भइदिएर
चूपचाप निदाएर हो कि?
समस्याका ठूला - ठूला चक्काहरू
सीमानाका युद्धभूमिहरूमा भन्दा
यी गाउँ-घरका झोपड़ीहरूमा
डरलाग्दा युद्धहरू छेंड़िएका छन्।
हो, यहाँ 'एटम' र 'हाइड्रोजन' भन्दा ठूलो-
मान्छेका छात्तीहरूमा,
मान्छेका बस्तीहरूमा
समस्याका 'बम'-हरू पड्केका छन् !
यसर्थ;
लथालिङ्गै - लथालिङ्गै मान्छेका घरहरू
बग्रेल्तै-बेग्रेल्ती मान्छेका जिन्दगीहरू
मेरा गाउँ, शहर र देशहरूमा
विश्वासका कुना-काप्चा र गल्लीहरूमा
सुस्ताइरहेछन्, लाखौं-लाखौं जिन्दगीहरू,
जलिरहेछन् लाखौं-लाखौं झोपड़ीहरू-
लटिएका मान्छेका अधिकारहरू,
यसैले यहाँ-
चक्का होइन जब साथी,
-सड़क स्वयं दौड़िनुपर्छ !
एटम होइन जब साथी,
-मान्छे स्वयं पड्किनुपर्छ !

## म आएँ !

स्वार्थ मानवका व्यथित जगमा
जीवनको नयाँ गीत गाउन आँए,
भ्रष्ट्र जगका त्रस्त मानवलाई
प्रीत बोली अँगाल्न आएँ।

आँसु र खून पसीनाको मूल्य
जगमा खोज्न म आएँ,
अत्याचार-ईर्ष्या, वर्ग-भेदका
अन्धकार जलाउन म आएँ।

शोषित-पीड़ित, कुण्ठित जगमा
उन्मुक्ति खोल्न म आएँ,
भोका-नाङ्गा, जीर्ण जीवनका
अधिकार खोज्न म आएँ।

आँसु र हाँसो निशदिन बटुली
मानवकै निम्ति हरगीत गाएँ।
पलपल माया मुटुमा सँगाली
मानवकै खातिर म आएँ।

## कञ्चनजङ्घा

तिमिरवरण व्याप्त व्यवस्थित
मानवगृह देखेर पनि
हे शैलराट कञ्चनजङ्घा !
तिमी किन मौन छौ ?
'यहाँ के छ, के छैन'
बुझदछौ यो तिमी
र पनि किन मौन छौ?
हे शैलराट कञ्चनजङ्घा !
मानवलाई जब
दृगोन्मेष गराऊ !
तवारिश बनाऊ!
जगाऊ, उठाऊ के शैलराट !
मानवलाई यो जगमा
अरूणवान सरह आउन लगाऊ !!

## मभित्रको म

बितेर गएकाहरूलाई सम्झना र श्रद्धञ्जलि चढ़ाउँछु म,

बाँच्नेहरूसँग हातेमालो गरेर अघि बढ्न चाहन्छु म,

आगन्तुकहरूका निम्ति मान्छेको अधिकार

खोजी राख्न चाहन्छु म ।

यसैले-

संसाररभन्दा विस्तृत बन्न चाहन्छु म,

आकाशभन्दा खुल्ला र पानीभन्दा पवित्र

बन्न चाहन्छु म,

पवनको झैं गति र

सूर्यका झैं किरण लिन चाहन्छु म,

सागर झैं गहिरो र

बादल झैं कोमल बन्न चाहन्छु म ।

## मेरो त जातै मान्छे

तिमी जसो भन जस्तै जातमा गन,
चार जात छत्तीस वर्णकै कुरा भन;
तर मेरो त जातै मान्छे !
मान्छे : मान्छे सिवाय अरू कोही होइन,
केही हो भने देवता हो, अरू कोही होइन !
उच्च विचार, अभिलाषा र स्वच्छतामा
देवता बाँचेको हुन्छ,
मान्छेको बाँच्ने अधिकारको पक्षमा नै
ईश्वरको राज हुन्छ;
त्यस्ता विचारमा बाँच्नै मान्छेहरू
वास्तवमा देवता-मान्छे हुन् !
देवताको विपरीत नाम नै त मान्छे होइन्,
मान्छेको अर्थपूर्ण सफल जीवन र समानतामा
बाँच्ने मान्छेहरू सबै-सबै देवता हुन्।
यसैले मेरो त जातै मान्छे।

## आजको मान्छे

मान्छका नसा-नसामा
आँखा-आँखामा
र प्राणको तन्तु-तन्तुमा
-सम्पूर्णताको खोजीमा
-मान्छेको अर्थ र मूल्यका निम्ति
पल पल बदलिंदै बाँच्ने मान्छे !-
विद्रोह र विप्लवको आगो हो - आजको मान्छे,
तातो रगतको रातो सागर हो - आजको मान्छे !
किनकि मान्छेले हिजो झैं
त्यो ‘ब्लेक-शेल’ भित्रको आयतन झैं
स्थिति स्वीकारेर बाँच्न सक्दैन !
दबिएर, थिचिएर, किच्चिएर
बाँच्न सक्दैन !
घेरा र सीमानाभित्र पनि यो मान्छए
अटाउन सक्दैन, फस्टाउन सक्दैन !
र यो खुल्ला आकाश झैं बाँच्छ
धरती झैं फैलिएर हाँस्छ।
आकाशमाथि टेकेर, बादललाई समातेर
वायुको सवारी चढ़ेर
सौरमण्डलको ग्रह, जून-तारासँग गफिंदै
बाँच्छ आजको मान्छे !

## चोखो सपनाको चोखो संसार

जब म प्रत्येक बिहान
चोखो सपना बोकेर ब्यूँझन्छु-
तब मलाई एउटा नयाँ संसारको आवश्यकता हुन्छ,
र मान्छेको देशको मानचित्र कोर्न प्रबल इच्छा हुन्छ।
म ढ़ोंगी मान्छे संसारभित्र
बाँच्न सक्तिनँ,
रोगी जिन्दगी मान्छेको
बरू जल्छु आगो भएर एकैक्षण भर पनि
यी अँध्यारा गल्ली र शहरहरूमा
किनकि अन्याय र अत्याचार सहेर बाँच्न सक्तिनँ,
मन्दिरका पत्थरका मूर्तिहरूलाई देवता पुज्न सक्तिनँ;
अन्याय र अत्यचारको विरोध नगरी
चूप लागेर बाँच्न पनि सक्तिनँ, सक्तिनँ !
र त यही संसारमा यही चोखे धरतीमा
मान्छेको चोखो संसार निर्माण गर्ने इच्छा छ,
जुन संसार मान्छेमात्रको होस !
यस्तै नयाँ देश बसाउनु परेको छ
यस्तै संसारको जन्म हामीबाट हुनपरेको छ।

## वास्तवमा

जब-जब मलाई
धरतीको भग्नतामा
भ्रष्टता व्याप्त हुँदै गएको आभास हुन्छ,
महासमस्याको बिस्कुन स्थितिको घाममा
सुकेको ज्ञात हुन्छ,
तब मलाई धरतीलाई टिपेर
आकाशमा चढ़ाऊँ लाग्छ।
किनकि आकाश सुन्दर छ' रे !
स्वच्छ छ' रे?
निलाम्बरको च्यादरमा
करोड़ौं जून-तारा जड़ित
आकाश जस्तै धरती बनाऊँ लाग्छ
तर अफसोस् !
त्यो सुन्दर आकाशको कथा
छि; त्यो मात्र धरतीको व्यथा !
त्यसको अस्तित्व सृजित धरतीबाट
उठेको आकाश धरतीको काखबाट
आकाशको अस्तित्व ?
-धरतीको सम्पूर्णता-
र आकाशलाई टिपेर लड़ाऊँ जस्तो लाग्छ।
धरती सम्पूर्ण हो,
आकाश खोक्रो र बोक्रो सिवाय
अरू केही होइन।

## शान्तिहीन मान्छेसँग अन्तहीन कुरा

कहाँ हाला त्यो देश,
जहाँ हुन्छ सँधै शान्तिको बास !
आस-पास मान्छे-मान्छेको मात्रै बास
सुख र शान्तिको तमास !
साँच्चै यहाँ, यस्तो देशको खोजीमा
सुख र शान्तिको प्राप्ति खोज्दै-खोज्जै
मान्छेहरू कति कति छट्पटिएका छन्,
शान्तिकै निम्ति मान्छेहरू अनन्तकालदेखि
क्रान्ति गरेका छन्, गर्दैछन्, गरिरहने छन्;
तर पनि शान्ति प्राप्य छैन मान्छेको बस्तीमा
यस्तै देश स्थापना भएको छ विश्वमा,
र नै शान्तिहीन मान्छेहरू विस्थापित भइरहेछन् मान्छेबाट
-शान्तिको खोजीमा मान्छेले आफ्नै छात्ती छाम्नुपर्छ,
-शान्ति-प्राप्तिका निम्ति 'स्काइलार्क' बन्नै पर्दैन
शान्ति तिमी, क्रान्ति तिमी !
तिमी देश-विदेश र विश्व पनि,
तिमी के होइनौ ? - आत्मा परमात्मा तिमी नै हौ !
आफै खोज आफैभित्र-
तिमी बलवान् मान्छे तिमी छौ विचित्र !
तिमी शान्ति !! शान्ति तिमी !!

## भोलिको प्रसंग : म अनि मान्छे

धेरै-धेरै युगहरूपछि
म यो दुनियाँमाविक्षिप्त हुनेछु,
म नदेख्ने, नसुन्ने, नहाँस्ने शून्य हुनेछु,
म माया, दया, क्रोधविहीन अर्कै दुनियाँमा हुनेछु;
त्यति बेला-
भूभागको सम्पूर्ण स्थिति व्याप्त हुनेछ,
'तेरो', 'मेरो' उसको, 'फलानो' साम्य हुनेछ;
मान्छेहरू : बस मान्छेहरू सबै-सबै
समानाधिकारको साझा संसारमा
सुख र शान्तिसँग जीवन उपभोग गर्नेछन्,
आजकल झैं त्यति बेला
मान्छेका निम्ति लड्नुपर्ने छैन,
एक पेटका निम्ति मर्नुपर्ने छैन,
बाँच्नका निम्ति दयाको भिक्षा माग्नुपर्ने छैन,
एउटा जागिर नपाएर सड्नुपर्ने छैन,
घुसखोरीले भुस बनाएको देश हुने छैन,
जातिवाद र 'भाइ-भतिजावाद' - ले
घाटमा पुऱ्याएको व्यवस्था रहने छैन;
जन्मग्रहण नै सम्पूर्ण क्रान्ति हुनेछ।
त्यो साझा संसारमा चोखे जीवन बाँच्ने मान्छेहरू-
बस मान्छे हुनेछन्,
सम्पूर्ण अनि चोखे मान्छे !

## आदमखोर*का बोटहरू उखेल्नुपरेको छ

ए युवा स्राष्ट !
ए सत्य-द्राष्ट !
हे युगका महाशक्तिहरू, स्वच्छ युग-निर्माता-
ए मेरा युवा कमरेडहरू !...
आऊ, हामी सबै एउटा नयाँ व्यवस्थामा सिंगारौं !
आऊ, हामी सबै एउटा भाकामा एउटा नयाँ गीत गाऊँ !
अब उठ, निर्माणको प्रबलता बोकेर......
अब ब्यूँझ, जीवनका काला रातहरू त्यागेर
मान्छेको स्वच्छ जिन्दगी बाँच्न
मान्छेको साँचो साइनो निर्माण गर्न
किनभने
हामीलाई मान्छेको छात्तीबाट
झुल्केको घामको प्रखरता चाहिएको छ,
हामीलाई मान्छेको समानताबाट
फैलिएको व्यापकता चाहिएको छ।
यसर्थ, ए युवा साथीहरू !
हाम्रा यी बैंशहरू
मात्र मान्छेको अधिकारको पक्षमा
सिंगै उभ्याइदिनुपरेको छ,
हाम्रा सामूहिक हुँकाहरू विस्फोट गरेर
मानवमात्रको उन्मुक्ति गर्नुपरेको छ,
र पसीनाका मूल फुटाएर
पापका खाटाहरू पखाल्नुपरेको छ,
एकताको प्रबलता जुटाएर यहाँ
आदमखोर का बोटहरू उखेल्नुपरेको छ !

---

*अप्रिकाको जंगलमा पाइने प्राणी खाने रूखको नाम।

## केही कथा : केही व्यथा

हिंसा, ईर्ष्या, पापले पीड़ित-
असहाय छ जसको व्यथा,
ठूला - साना, गरीब-धनी
यस्तै छ यहाँको कथा।
अन्धकार व्याप्त उजाड़ संसार
धरणी रून्चे धर-धरी,
कम्पित धरा पीड़ित सारा
तूफाल चल्छ हर घड़ी।
रगतमा रंगियो, पापमा पुरियो
कलिको कंगाल कथा,
उर चितामा जलिरहेछ
जग जर्जर व्यथा।
शुष्क ह्रदय जगको खोली
कैयौं कलिको कविता,
लाश बनेको मानव-देहमा
घुसाऊ मावन-सजीवता।
जन्मियौं हामी जगती-तलमा
सृष्टिको श्रेष्ठ फूलबारीमा,
उद्देश्य लिऊँ सूर्य तरह
चम्किने यी काँड़ाधारीमा।
आऊ, बचाऊ ! असहाय दीपलाई
तूफानको बेग रोक,
निभ्न नदेऊ जगको उज्यालो
मानवको भोक रोक।
जग है, जगका मानव सारा !
हे, सृष्टिको श्रेष्ठ प्यारा!
कुभावना कुमति छाड़ी जगमा
बहाऊ अमृत-धारा !

## सत्ता

मेरोमा मान्छेका आवाज र क्रन्दन सुन्ने कान छैन,

मेरोमा मान्छेलाई देख्ने आँखा पनि छैनन्,

मेरोमा मान्छेको बोली बोल्ने आवाज छैन,

मेरोमा मान्छेको मानवता र अस्तित्व बुझ्ने मन छैन।

किनकि-

मेरो छात्तीमा मुटुको सट्टा ढुंगा छ,

मेरो शरीरमा रगतको बद्ली विष छ,

मेरोमा दया, माया नामको केही वस्तु छैन,

मेरोमा केवल सुरसाको जस्तो मुख छ,

खाएर कहिल्यै नअघाउने पेट छ;

म शक्ति-सम्पन्न सत्ता हुँ !

मलाई पाप र धर्मको वास्ता छैन,

मलाई राम र रावणको भिन्नता छैन,

मलाई नयाय र अन्यायसँग मतलब छैन;

किनकिम सर्वशक्तिमान सत्ता हुँ।

म नाक, कान, आँखा, हृदय, माया, दया,

अंग-प्रत्यंग केही नभएको,

अन्धो, गूँगो र बहिरो

निस्लोट-

आकार-प्रकारविहीन

केवल म सत्ता हुँ।

## दन्त्यकथा भइसकेको सत्यकथा

पहाड़ पछ्यौरीमा एउटा पोखरी
भत्किएर बार अचानक
मिसियो सागरमा बुँद-बुँद
बिलियो थोपा-थोपा !
साँच्नै सुन्दर थियो त्यो पोखरी
साँच्चै पवित्र थियो, पहिले,
पोखरीभित्रका लाखौं प्राणीहरू
बाँचेका रहेछन् शान्तिपूर्वक पहिले-पहिले
आफ्नै सुन्दर पोखरीको आयतनभित्र।
सब समय बित्दै गयो-
तब एक-दुइ ठूला-ठूला माछाहरूद्वारा
हजारौं साना-साना प्राणीहरूलाई
निर्दयतापूर्वक निल्न थाले
खान थाले, कुल्चिन थाले
तब साना र ठूला माछाहरू बीचको लड़ाईंले
एकदिन-
साहै अचानक,
भत्किएर गयो पोखरी बारसमेत
र सम्पूर्ण ठूला-साना माछाको
लुटिएर गए घरसमेत
तब त बिलाईसक्यो पोखरीको कथा पनि
महासागरका पानीहरूमा,
अब त अर्कै घाम झुल्कियो
यहाँ आँखाका रानीहरूमा।

## सूर्य जस्तो जल्नुपर्छ

हामी यहाँ स्वयं जल्दैछौं
एक्लै नितान्त एक्लो-एक्लो भएर जल्दैछौं
र कागजको टुक्रा जस्तो जलेर
सकिंदै-सकिंदै जाँदैछौं।
अहो ! जल्नुकोपनि त सम्झौता हुनुपर्ने,
जल्नुको पनि त सार्थकता र उद्देश्य हुनुपर्ने।
जल्नु अनि जलेर सकिनु त
मुर्दा पनि अभिनय गर्दछ,
यसैले शायद हाम्रो एक्लो जलाइ
मुर्दा जल्नु हो।
किनकि-मुर्दा जलेर
कुभावना, कुव्यवस्थाको
जंगललाई जलाउँदैन,
अन्याय र अत्याचारको पहाड़लाई
स्वयं जलेर
खरानी बन्छ, सकिन्छ।
यसर्थ अब हामी सबै-सबै
सँगै-सँगै जलौं !
सूर्य जस्तै प्रचण्ड जलौं !
सम्पूर्ण जिउँदै जलौं !

## ईश्वरको संसारमा

धर्मको ओड़ारबाट प्रत्येक बिहान
सूर्य झुल्किन्छ,
र प्रत्येक बेलुकी मन्दिरको मूर्तिमा
सूर्य अस्ताउँछ;
र यहाँ दिन पनि अँध्यारै हुन्छ,
रात पनि चीसै हुन्छ!
यसैले-
ईश्वरको संसारमा
लुटिएका इच्छा,
थिचिएको अधिकार,
शून्य आकाश,
व्यास्त पूसको कठ्यांग्रिएको रात,
दश औंला जोड्दा-जोड्दा खिएका हात
भएर यहाँ-
कुँड़िएको छ जिन्दगी।
ढुँड़िएको छ जिन्दगी,
ईश्वरको संसारमा!

## पाइला र गति

मान्छेको नयाँ संसार
पाइला-पाइला भएर आउँदैछ।
-तिमीलाई थाहा छ ?
मान्छेको भाग्य-
परिवर्तनको जन्म
पाइलाको गतिशिल्ताले हुन्छ
नपत्याए हेर-
यी पहाड़, थुम्का र देवराली
कति शताब्दीदेखि स्तब्द छन् !
हिजो-अस्ति जस्तै आज पनि यी
टिस्टाको बगर जस्तै उजाड़ र निःसार छन् !
किनकि गतिहीन हो यो पहाड़,
चेतनाहीन हो यो देवराली !
यो पहाड़ सधैं-सधैं वसन्त नै पर्खिरहेछ,
यो देवराली सधैं-सधैं फूलपाती नै कुरिरहेछ।
यसरी यो पहाड़, यो देवराली
केवल पर्खाइ बोकेर
वसन्त र फूलपातीको प्रतीक्षामा
-अस्तित्वहीन ! बूढ़ा भइसके,
खिइँदै गइसके।
यसैले हामी (मान्छे)
वसन्तको पर्खाइ तर वसन्त उमारेर, फुलाए आफैमा
यो पहाड़ र देवरालीमा
वसन्त बाँच्न सधैंलाई गतिशील बनौं,
यसैले मान्छेको पैतालाले सम्पूर्ण विश्व टेक्न पाउनपर्छ,
यसैले, आकाशलाई देख्न पाउनुपर्छ!

**खुकुरीको धारमाथि नाङ्गा कथाहरू**

खुकुरीलाई आरनमा चढ़ाएर

घनले जति पिटे पनि हुन्छ,

आगोमा पोलेर लाल-लाल बनाए डढ़ाए पनि हुन्छष

पाइन लाए पनि हुन्छ,

नलाए पनि हुन्छ किनकि यो केवल खुकुरी हो-

किनकि यसको जति नै धार र पाइन भए पनि,

जति नै कर्म-धर्मी भए पनि;

यो सधैं एउटा दापभित्र हुन्छ

एउटा घेराभित्र, कित

डोरीमा झुण्ड्याएर क्रूसिफाइड गरेको हुन्छ।

यसैले यो यस स्थितिबाट

बाहिरिएर अझै पनि

यस संसारमा

एउटा सानोभन्दा पनि सानो कर्म

आफ्नो मर्म र धर्मका निम्ति

आफ्नो मर्जी र बूताले

गर्न नसक्ने कहानी छ,

आफ्नो निम्ति एकपल्ट पनि

मर्न नसक्ने यसको बानी छ।

किनकियो खुकुरी बिचरा,

सँधै दापभित्र हुन्छ,

एउटा मालिकको कम्बरमा

कि त शोषकहरूको सोकेश-भित्र रोएको हुन्छ,
यसलाई संग्राहलयमा मेड इन जापान-को लेबल लाएर
राखे पनि हुन्छ,
आफ्नै घुँड़ामा आफैले उचालेर ताके पनि हुन्छ।
यसले विरोध गर्न अझै सिकेको छैन,
यसले अस्तित्व र अधिकारको कुरा बुझेको छै;
किनकि यो केवल खुकुरी हो।
एउटा फलामको चोइटा !
यसलाई टिस्टामा डुबाए पनि हुन्छष
आरनमा चढ़ाएर पिटे पनि हुन्छ,
आगोमा पोलेर लाल-ला बनाएर डढ़ाए पनि हुन्छ।

## जीवनको खेती

एक क्षण सपना विपना र कल्पनामा
अल्झेको क्षण नै जीवन हो कि?
माया-ममता, लोभ-ईर्ष्या, संघर्ष-क्रान्ति नै
पो जीवन हो कि ?
संयोग-वियोग घटना मात्रै जीवन हो कि?
खै, जीवन त एक-छाक भात मात्रै हो कि?
यसैले लाग्छ; यो जीवन केही होइन, केही होइन!
किनकि यो कतै हराएको छ, कतै डराएको छ,
कतै सड़िएको छ,
कतै कुँड़िएको छ, कतै बिलाएको छ, कतै ओइलाएको छ,
बारीका कान्ला-कान्ला र खेतका गराहरूमा
यो कतै हराएको छ;
बाँझो धरतीको टुक्रा-टुक्रामा
यो कतै हराएको छ।

यसको खोज-तलास हुनुपर्छ,
यसको नाप-जोख हुनुपर्छ-
अब यस विश्वको आयतनमा
चेतना र मानवताको मल लाएर
जीवनको खेती लगाउनुपर्छ !
मान्छे नामको खेत-बारीमा
विप्लवको हलो जोतेर
जीवनको खेती लगाउनुपर्छ !

## आरम्भ नयाँ बाटोको

खै त ! यी निर्दोष र योजनाहरूमा
मान्छेका बाँच्ने अधिकार र स्वाभिमानका सुराक्षाहरू?
खै त ! यी जुलुस, नारा र क्रान्तिका लहरहरूमा
सम्पूर्ण जीवन-आयतनका कुराहरू?
खै त! यी बस्तीका झोपड़ीहरूमा
समाज व्यवस्थाका स्वच्छ उपलब्धिहरू?
र अब त मलाई लाग्छ-
यी योजनाका कुराहरू,
यी क्रान्ति, जुलुसहरूका आवाजहरू
स्वार्थी मान्छेका प्रलोभन मात्र हुन्।
अब त हामीले यी मान्छेहरूका
विश्वासमा अड़िनु हुन्न,
हामी आफैले यहाँ-
आरम्भ गर्नुपर्छ नयाँ बाटोको;
यी सड़क, फुटपाथ र गल्लीहरू ब्यूँझाएर
मुक्ति-संग्रामका हतियार निर्माण गर्नुपर्छ,
मान्छेका गाउँ-बस्तीहरूमा।
मानव-अधिकारको नयाँ प्रखरता ल्याएर
मान्छेको चोखो जुनी बद्लिनुपर्छ,
र यी मान्छेका हातहरूले
निर्माण गर्ने हतियारहरू मात्र बनाउनुपर्छ,
उज्यालोको निम्ति हामीले अन्धकारसँग युद्ध गर्नुपर्छ
तबमात्र एउटा कथाको समाप्तिपछि अर्को सुन्दर कथा
                    पुनः निर्माण गर्नसक्नेछौं,
तब मात्रै आफ्नै प्रबलता, मानवता, स्वाभिमान र
                    अत्मा-सम्मान लिएर
बाच्न सक्नेछौं।

## एक गीत : भानुको सम्झनामा

भानु, तिम्रो जन्म-दिवसमा हामी यहाँ आयौं
क्षद्धा-भक्ति चढ़ाउन हामी भेला भयौं,
श्रद्धासाथ तिम्रोअघि शिर झुकाउँछौं
तिम्रो जन्म-दिवसमा फूल चढ्ाउँछौं।
भानु तिम्रो... ... ... ... ... ... ...

तिम्रो रामको देशमा आज चल्यो रावण-राज;
पूर्व-पश्चिम, उत्तर-दक्षिण, फैल्यो चारैतिर
तिम्रो रामका सन्तानलाई आज पीरै-पीर।
भानु तिम्रो... ... ... ... ... ... ...

भोका-नाङ्गा राम-लक्ष्मण, शोषित-पीड़ित वीर हुनुमान्
दासी-प्यासी बनेकी छअयोध्याकी रानी
अन्यायले भरेको छ हाम्रो कहानी।
भानु तिम्रो... ... ... ... ... ... ...

काम गर्ने राम-लक्ष्मण, भण्डार भर्ने रावण
यस्तो नियम मान्ने छैनौं बरू कालै आओस्,
अब हामी छाड्ने छैनौं जनता मार्नेलाई
माफ दिने पक्कै छैनौं भोकै पार्नेलाई।
भनु तिम्रो... ... ... ... ... ... ...

जनता भुट्ने देश लुट्ने देश उही खाने सेल
काम गर्ने भोकै पर्ने उसले पाउने नेल,
यस्तो निमय तोड्नै पर्छ सबै एक भई
पशुसरि किन बाँच्नु एकै मान्छे भई।
भानु तिम्रो... ... ... ... ... ... ...

## बोकेर विप्लवका प्रखरहरू

अब त मानवका नसा-नसामा
आँखा-आँखामा
र शरीरका तन्तु-तन्तुमा
सम्पूर्णताको निम्ति-
विद्रोहका भावनाहरू जागिरहेछन्!
विप्लवका ज्वालाहरू जागिरहेछन्!!
मानवका ताता रगत उम्लिरहेछन्!!!
यी गोरेटो र सड़क-सड़कहरूमा
यी पखेराका चियाबारी, कुलैनबारी, धानबारी
मकैबारी र गाउँ-बस्तीहरूमा
मान्छेले बाँच्दै गरेका पल-पल क्षणहरूमा
संकीर्णताको घेराभित्रका प्रत्येक, छात्ती र मुटुहरूमा।
ब्लेकसेल भित्रको त्यो आयतन जस्ता
अब यी स्थितिहरू स्वीकार गर;
मान्छे बाँच्न सक्दैन, सक्दैन
हजारौं-हजारौं पाइलाहरू बोकेर
सड़क जस्तो,
मान्छे बाँच्न सक्दैन-सक्दैन
चेतना र विद्रोहहरू लुकाएर।
किनकि, मान्छे उचाल्नु परेको छ-
सारा धरती
परेर खाल्डा र गहिराइहरू
पसीना र रगतका बूँद-बूँदले भरेर
र त, मान्छे अब,
विद्रोहका लाभा भएर विस्फोट हुनुपर्छ
आकाश-आकाशमा, र
क्रान्तिको प्रचण्ड ज्वाला भइदिनुपर्छ
मान्छेका गाउँ-बस्तीमा।

## वास्तविकताभित्र

मैले, मेरो छात्तीमा सजाएको
एक लहर-
ठूला-ठूला वीरत्वका तक्माहरू,
वास्तवमा
दासत्वका प्रमाण सिवाय अरू केही होइनन्।
यो-छात्तीलाई एउटा भार।
यो-वीरत्वको एउटा हार!!
मेरो छात्तीमा सजेका तक्माहरू!!!
किनकि,
मैले, मलाई हजारौंपल्ट बलिदान गरेको छु,
दासत्वका जञ्जीरभित्र कैदी बनेर
मेरा बूँद-बूँद खूनहरू मरूभूमिमा मिसाएको छु;
उसकै निम्ति वीर भइदिएर
तर-
मैले, मेरो निम्ति
वीरत्व देखाउन सकिनँ!-
मेरो अस्तित्व सँगालेर
बाँचुला भन्ने भावना देखाउन सकिनँ !
यसैले मलाई लाग्छ
मैले मेरै खून पिएर
म मातेको छु !
आफ्नै मुटु चबाएर

खोक्रो बाँचेको छु !

-किवां भनूँ?

आफ्नो वास्ताविकतामा भाला रोपेर

म हाँसिरहेछु !

किनभने

स्व-भाषा, स्व-अस्तित्व रक्षार्थ केही गर्न नसक्दा

आफ्नै खातिर लड्न नसक्दा-

महा-अभिशाप बोकेर

म बाँचेको छु-

मेरै संसार जलाएर................

## आकाशबेलीको लहरा र हामी

एउटा रूखमा जेलिएर
हरियै-हरियै भएर
डाला-डाला भएर
रूखको सम्पूर्णताभरि
बाँच्ने बेहेरिएर-
एउटा लहरा
-न यसको जरा छ,
न जसको फूल-फल छ;
यसको खाली लहरा छ,
जराविहीन !
र पनि यो लहरा
हरियो र भरिलो छ,
रूखमा बेह्रिएर या बढ्छ,
रूखमा त्यो रूखसँगै बाँच्छ।
तर अफसोस् !
त्यो लहराभन्दा पनि जराविहीन
जिउँदो मान्छे भएर पनि अस्तित्वहीन
हामी,
त्यो आकाशबेलीको लहराभन्दा पनि
कमजोर र तुच्छ छौं;
न हाम्रो नाम नै छ,
म हाम्रो काम नै छ,
न हामी त्यो लहरा झैं
कुनै रूखसँग-सँगै भएर बाँच्न सक्छौं।
यसैले हामी नामहीन लहरा हौं,
जरा र टुप्पो केही नभएको-
हामी सुकेका र मक्केका लहरा हौं।

## यसैले आएको छु

टेन्डोङ र मैनामका टाकुरा भएर
टिस्टा र रंगीतका किनार-किनार भएर,
बस्तीका झोपड़ी, शहरका फुटपाथ र गल्लीहरू भएर,
किसान-मजदूरको पसीना र रगतको थोपा-थोपा भएर,
मालिकको शोषण र जर्जरताले कक्रिएको मानवता भएर,
-जन्म ग्रहण गरेर तवारिशको
आइपुगेको छु यहाँ,
मान्छेको भाग्य र देशको नव-इतिहास बोकेर
मान्छेको नयाँ विश्व-निर्माण गर्न आएको छु,
मान्छेको जन्मसिद्ध अधिकार र भाग्य लिए आएको छु,
झारलाङ्गी र कालो भारीले थिचिएर मरेका,
अन्यायमा परेका-
मेरा अभागी पुर्खाहरूको बन्दगी आत्मालाई
उकास्न आएखओ छु !
मालिकका मजदूरहरू र
ठालूका सिपाहीहरूका निम्ति
स्वतन्त्रता बोकी आएको छु।
इतिहासको पन्ना-पन्नामा
चेप्टिएर सड़ेका,
अत्याचारको बोझले गलेर लड़ेका-
घरमै बेघर भएका,
देशमै विदेशी भएका;
निमुखा लाटाहरूका निम्ति-
नयाँ दिनहरू बोकेर आएखओ छु,
साझा विपनाहरू बोकेर आएको छु।

## मान्छेभित्र अनेक टुक्रा

यस विश्वमा
एउटा रगतको साँध कोरेर
वारि-पारि बसेर
मान्छेहरू उत्सव मनाउँछन्
सल्बलाउँछन्-
टुक्रा-टुक्रा जमातहरूलाई अँगालेर,
व्यापक मानवका खण्डित आकार बोकेर,
भ्रष्ट मान्छेहरू.......
स्याउँ-स्याउँती सुलसुले जस्तो
चलमलाउँछन्-एक हूल मान्छेको निम्ति-
साँध कोर्न,
विश्वको, एक टुक्रा आयतनमा
रगतको बक्र-रेखा कोर्न
मान्छेहरू देशभक्तिमय लिप्सा देखाउने गर्छन्!
मान्छे मारेर मान्छे गर्वका द्योतक बन्दछन् !
(तर बिचरा ! यी मान्छेलाई के थाहा?)
आफ्नै अस्तित्वका खण्डित आकारहरूमा,
आफ्नै विश्वका विकृत रूपहरूमा,
आफ्नै घरका जर्जर हालतहरूमा
आफू नाचिरहेछन्, ताण्डव-नृत्य
आफै हाँसिरहेछन्-
आफ्नै सम्पूर्णताको भग्नतामा,
आफ्नै अस्तित्वको खण्डतमा
विघटित बन्दै मान्छेहरू-
भित्र-भित्रै खोक्रिएर, बोक्रिएर
-किन यसरी बाँचिरहेछन्?
मान्छे मान्छेकै पतन भएर
-यसरी यहाँ बाँचिरहेछन्?

## असम्बद्ध प्रसंग

म एक्लै छु यहाँ-
मध्य दिनको उज्यालो शून्यतामा
आकाश झैं फुङ्ग उड़ेको अनुहार लिएर...
यो विशाल संसारबीच।
आकाशलाई नियालेर हेर्छु,
वरिपरि चाहार्छु,
यो मन, यो तन
त्यहीं छ,
तर यो शून्यतामा
ममात्र केवल
एक्लै छु।
मेरो अघि महाशून्यताको
साम्राज्य छ,
विशाल कायामा उभिएर
मलाई निल्न लागिरहेछ-
यो समय।
कागले झैं
पिपलको रूखमा बसेर
हड्डीलाई ठुङ्दै जीवन निर्वाह गर्न
पाठ सिक्न कागसँग
म बाध्य भइरहेछु
यो शून्यतामा।
नीलो आकाशको विशालतामा
एक टुक्रा स्वतन्त्र बादल उड़िरहेछ,
कोमलताको पाठ पढ़ाउँदै मलाई
तर त्यो बादल क्यान्भासमा
कहीं-कतै मेरो मन थिएन,
मेरो सपना र विपना थिएन,

त्यहाँ मेरो इच्छा र आकांक्षाको
सानो चित्र पनि थिएन।
म उदास र निराश
त्यो बादललाई पनि देख्थें-
आफूजस्तै।
मेरो वरिपरिको त्यो स्थितिदेखि
म केवल 'म' खोज्दै थिएँ
तर म त्यहाँ थिइनँ (!)
फगत म तनभरि उभिएर
त्यो शून्य आकाश, बादल झैं
कहाँ-कतै थिएछु र पनि म विशाल चर्चभित्र
पाँच शताब्दीदेखि शान्ति र प्रेमको पाठ पढ़ाउँदै
निदाएको सन्त फ्रान्सिस्को शरीर जस्तै
मेरो शरीर मात्र त्यहाँ थिएछ-
शान्ति र प्रेमको गीत गाउँदै
मेरो मन।
तिम्रो खोजीमा
कतै सुटुक्कै मेरो मन
कतै टाढ़ा मदेखि थिएछ,
तिमीजस्तै अनेकौं मरू
म जस्तैसँग आत्मसात् भएर।

## ब्रह्मपुत्र र कामाख्या पुगेर आफैलाई हेर्दा

ब्रह्मपुत्र किनारै-किनार भएर

मेरा जिउँदा मान्छखआ लाशहरू बग्दै जाँदारहेछन्,

पानीको बेगसँगै पैह्रन नसकेर हो कि,

नाउ खियाउन नजानेर हो कि!

मेरा मान्छेहरू सागरमा डुब्दै जाँदारहेछन्!

ब्रह्मपुत्रको पानीमा डुबेर मरेका मान्छेका लाशहरू

छिमेकी गिद्ध, बन-बिराला र स्यालहरूले

आपस्तमा बाझ्दै भोज लगाउँदारहेछन्,

र आजकल यस भेकमा

मेरा मान्छेका हाँड्हरू उभ्याएर

ब्रह्मपुत्रको किनारमा बाँध बाँध्ने काम हुँदोरहेछ।

कुन देवता पापले हो कि,

कुन जुनीको श्रापले हो-

मेरा मान्छेका कथाहरू आँसुले लेखिंदै गए,

मेरा मान्छे भग्न-व्यथाहरू पसीनाका ज्यालासँग साटिंदै गए।

x x x

आफ्नै पसीनी र रगतको मलले पाकेको बाली पनि

मेरा मान्छेहरूले

मेरा भन्न सक्तैनन्

आफ्नै आँगन र घरमा पनि

किन हो-

मान्छे जस्तै बाँच्न सक्तैनन्।

यस्तो पाप र श्रापको संसारमा

मेरा मान्छेका विपनाहरू सपना बनेका छन्!
यो कुनै दन्त्य-कथा होइन,
यो कुनै काल्पनिक कहानी पनि होइन;
यो त कड़ोरौं अभागी मान्छएखओ भग्न कथा हो,
यो त मेरा जिउँदै मरेका मान्छका
मूर्दा इतिहासको पन्ना हो।
के मेरा बबु, बाजे र बराज्यूहरूले
ब्रह्मपुत्रको पानीमा नुहाएर
हामीलाई लगाइएका पाप र श्रापहरू
पखालेनन् र ?
के मेरी आमा र बज्यूहरूले
कामाख्या माईको चरणणआ शिर राखेर
आफ्ना सन्तानको सुख र शान्तिका निम्ति,
भक्ति र सेवा गर्नेहरूका निम्ति
प्रार्थना गरेका थिएनन र ?
x x x
त्यहाँका देवी-देवतालाई
धूप, अक्षता र फूल-पाती चढ़ाएर
पूजा गर्दै आएको कति युग भइसक्यो,
आफ्नो परिश्रमको फलमा फलेका बालीको
न्वांगी चढ़ाउँदै आएको
कति शदी भइसक्यो !
x x x
आफैले बाघ र हात्तीसँग लड़ेर

आवादी बसाएको बस्तीमा

आज मेरा मान्छेहरू खोई, कहाँ छन्?

आफ्नै वलिदान र रगतका बूँद-बूँदले

लेखेको इतिहामका पानाहरूमा

मेरा मान्छेहरू खोइ, कहाँ छन्?

x x x

ब्रह्मपुत्र छालले पनि

मेरा मान्छेहरूकै घरहरू भत्काएर लान्छ,

प्रत्येक वर्षको बाढ़ले पनि

मेरा मान्छेहरूकै बाली डुबाएर लान्छ,

सानोभन्दा सानो पैह्रोले पनि

मेरै मान्छेका छात्तीहरू भत्काए लान्छ,

यहाँका देवी-देवता रिसाएर हो कि,

कामाख्या र ब्रह्मपुत्रको आशीर्वाद हो कि-

देवकता र देवी भएपछि

समान दृष्टि र आशीर्वाद हुनुपर्ने !

ब्रह्मपुत्र र कामाख्या-माईले

सबैको रक्षा गर्नुपर्ने!

-हामीले पुज्नुपर्ने देवता अर्कै छ कि!

-हामीले खोज्नुपर्ने संसार अर्कै छ कि !

## मैले नसम्झेको सम्झनामा

मैले नसम्झेको सम्झनामा कति-कति छन्
गन्ती छैन, नाप-तौल छैन
कहाँ कति छन्, कहाँ को छन्-
केही थाहा छैन!
तर पनि छन् मेरो सम्झनाको देशमा,
पूर्व-पश्चिम र उत्तर-दक्षिणका फाँटमा;
अँटाई-नअँटाई छन्,
उकुसमुकुस छन्-
मैले विपनाको मायालु आँखामा;
अल्झेका छन् माया सधैं-सधैं
बल्झेका छन् माया सधैं-सधैं
बल्झेका छन् माया बाँच्नेहरूको
मेरा आँखाका नानीमा नाच्नेहरूको !
तर,
मैले नसम्झेको सम्झनामा पनि कति-कति बाँच्छन् होला...
-यी सब मैले कहाँ देखेको छु र !
कहाँ सुनेको छु र!
कुन देशमा छैनन् होला र मैले नसम्झेका सम्झनामा बाँच्नेहरू?
कति-कति होलान्,
कति-कति रोलान्!
ती सब मैले कहाँ सुनेको छु र!-
मैले त अनुभवका आँखाले मात्र देखेको छु,

मैले त मेरै वरिपरि क्रन्दन र पुकारहरूलाई
भोक र शोकहरूलाई देखेको छु;
सुनेको छु,
तरै पनि मैले नसम्झेका सम्झनामा बाँच्नेहरू!
तिमीहरू सबै-सबैलाई
मैले त मेरो रगतको कसमले आफ्नो सम्झेको छु,
मैले तमेरो नसम्झेका सम्झनामा साइनोले बाँधेको छु।
तिमीहरू जहाँ छौ, जसरी छौ,
जुन हालत र व्यवस्थामा छौ,
जुन कर्म र धर्ममा छौ,
जुन जीत र हारमा छौ,
जुन सीमानाहरूमा युद्धरत छौ,
जुन क्रान्ति र संघर्षमा होमिएका छौ,
यस-आराम र हर्ष-उल्लासमा छौ-
तिमीहरू सबै-सबैलाई
मेरो नसम्झेका सम्झनामा बाँच्ने
अनगन्ती मेरा आफन्त मानवहरूलाई
मेरो इच्छा-कानमा पनि मैले नसम्झेको सम्झना जस्तै छ-
छरिएर, टुक्रिएर पनि फैलिएर बाँच्ने मान्छेहरू जस्तै!

## म

म धरती हुँ, म आकाश हुँ,

म सूर्यको एक अङ्ग हुँ !

म ज्वाला हुँ, म रखवाला हुँ,

म मावनको एक रंग हुँ!

म शान्ति हुँ, म कान्ति हुँ,

म जगको अनन्त प्राँ हुँ!

म न्याय हुँ, म सत्य हुँ,

म गरीब असहायको त्राण हुँ !

म रातको चन्द्र-तारा हुँ,

म दिनको शीतल पवन हुँ !

म सागर हुँ, म गागर हुँ!

म मानवको एक पुकार हुँ!

म वरदान हुँ, म आशीर्वाद हुँ!

म नै मेरो आधार हुँ !

म व्यथा हुँ, म कथा हुँ,

म नै एउटा संसार हुँ !

म ठूलो हुँ, सानो हुँ,

म देवताको एक रक्त हुँ !

म गुहार हुँ, म हुँकार हुँ,

म मानवताको भक्त हुँ !

म जोश हुँ, म होश हुँ,

म मानवको एक भाषा हुँ !

म दुःख हुँ, म दर्द हुँ !

म न जगको आशा हुँ!

म अन्धकार हुँ, म क्रन्दन हुँ,

म जीवनको तार हुँ !

म गीत हुँ, म प्रीत हुँ,

म नै जगको प्यार हुँ!

म पसीना हुँ, म रगत हुँ,

म जग-बागको माली हुँ!

म थल हुँ, म जल हुँष

ण धरतीको एख आली हुँ!

## मान्छेदेखि मान्छेसम्म

पोल्टोभरि धमिरा लागेको जून
र खिया परेको सूर्य बोकेर
प्रत्येक बिहान
आकाशको गर्भबाट
यहाँ एउटा अस्तव्यस्त रोगी दिन जन्मन्छ,
यहाँ एउटा निस्लोट निःसारता जन्मन्छ;
यही आयतनभित्र
जिन्दगीको हैरानीहरू बोकेर
निःसार, निरूद्देश्य जिन्दगीहरू
भयावही सन्नाटालाई समेटेर
रातको कैदी सूर्यको लाश बोकेर
संकीर्णताले जन्माएका व्याकुलताभित्र
मान्छेले जन्माएको जंजीरभित्र
अंगालोभरि तुहेका वैंश
र टाउकोमा पाइला बोकेर मान्छेको,
छातीमा खण्डर बोकेर मान्छेको
युग-युगदेखि 'क्यू'-मा उभिएर
पालो पर्खरहेका छन् यी मान्छेहरू
अलिकति मान्छेको अधिकार र आत्म-सन्तुष्टि नपाएर।
खाली झोली फैलाएर
प्रत्येक ढोका र दलालहरूमा
भिक्षाका निम्ति

मूर्तिवत् उभिएका छन् यी मान्छेहरू,
वर्षौं-वर्षका पटाइलाग्दा पर्खाइ बोकेर
युगौं-युगका यातना र तिरस्कार बोकेर,
बासी सपनाको उमेर भोग्दै,
बासी कल्पनाको रहर भोग्दै;
आफैमा खण्डित आकार बोकेर,
आफैमा व्याप्त निष्क्रियता बोकेर,
आकाशको पाइलामुनि
मान्छेहरू,
रात बाँच्छन्-
कि त निश्चल सड़क भएर
पाइला बोकेर
सड़क बाँच्छन्।
यी सड़कहरूलाई उठाएर अब,
यी रातहरूलाई ब्यूँझाएर अब;
पसीना र रगतको मूल्यका निम्ति,
मान्छेको स्वतंत्रता र आत्म-सम्मानका निम्ति;
समानता र स्वच्छताका निम्ति,
छातीमा रगत र मुटुमा आगो संचय गरेर
मान्छेको मस्तिष्क र मानवताका आँखा बोकेर,
मान्छेको सम्पूर्ण फैलावटहरूमा
मान्छेको निम्ति-जिन्दगी भएर
मान्छेहरू

प्रत्येक युगमा
जीवनको नयाँ बिहानी बोकेर जन्मनु है!
मान्छेको नयाँ संसार लिएर आउनु है !
जब अन्धकार रातको विराधमा
दिनहरू उठ्नेछन्-
भाइचारामा फैलिएका हातहरूको विरोधमा
जब यी हातहरू स्वयं उठ्नेछन्,
तब ओझलभित्रको चिसेनी रातहरूले
सूर्य स्वयं जन्माउने छन्,
तब ओझलभित्रका चिसेनी रातहरूले
सूर्य स्वयं जन्माउने छन्,
यहाँ जन्मन नपाएका प्रातःहरू सबै-सबै नै
चोखो विपना बोकी जन्मने छन्,
अनि मान्छेको मुटुबाट स्वच्छ सूर्य जन्मनेछ
मान्छेको रगतबाट विस्तृत सागर उम्रनेछ,
र मान्छे सगरमाथा जस्तो अग्लिएर बढ्नेछ;
-आकाश आकाश हुनेछ,
फैलिंदै-फैलिंदै जानेछ,
मान्छे-मान्छेमा व्यक्त, हुनेछ,
मान्छे देदीप्यमान व्यक्त हुनेछ,
मान्छे सूर्य हुनेछ!

## मेरो रातो भाले बास्छ

मेरो रातो भाले
छरितो र 'फूर्तिलो' ढंगको
चम-चम चम्किने रातो रंगको
नौ सिंगे मेरो भाले
यसको तीक्ष्ण नौ सिंगे शिर
हिमाल झैं अचल र धीर,
सगरमाथा हो वास्तवमा यो!
यसको आवाजमा कति शक्ति छ,
यसको आवाजमा भक्ति छ,
यसको गर्जनको सामू 'साइरन' केही होइन,
यसको थर्कन-समान शक्ति अरू केहीमा छैन,
यो संसार हल्लाउने गर्जन लिएर
एक्लै बास्छ-
जब रातको अन्धकारमा
प्रलय लिंदछ गर्जनमा
तब हुन्छ बिहानी,
ब्यूँझन्छ दुनियाँ!
अन्धकारसँग निरन्तर यो भाले
उन्मुक्ति खोज्दै छटपटाइरहने
यो रात भाले,
साँघुरो गन्धे खोरमा बस्छ,
वरिपरि आफ्ना पोथी र चल्लाहरू राखेर साथमा
बस्छ बिचरा, यो सधैं सुलीको थाकमा।
यो यत्रो शक्ति र गुणले परिपूर्ण भएर पनि
आफ्ना परिवार र आफूसम्मको
हेरचाह र रक्षासम्म गर्न असमर्थ छ !
आफ्नै सामू परिवारका कुनै सदस्यलाई

कसैले निमोठेर मारेको चूपचाप हेरिरहन्छ,
आफ्नै गलामा कसैले निर्दयतापूर्वक हतियारले
काटेको पनि यसले सहिरहन्छ,
यसरी यो भाले रातै रगत बगाएर
कति-कति शदीदेखि संसारमा
स्वार्थी मान्छेको खाल-खालका स्वादिष्ट
तिहुन-तरकारी बन्दै,
मासु र सिरूवा बन्दै;
यही अत्याचारी मान्छेलाई
आफ्ना परिवारको मालिक सम्झिरहन्छष सम्झिरहेछ!
आफ्ना मान्छेलाई संसारमा
सबभन्दा छिटो ब्यूँझाउने संकेत गरिरहन्छ, गरिरहेछ!
अझै पनि मान्छेले यसलाई आफ्नो कहिल्यै सम्झेन,
आफ्नो शुभचिन्तक वा सहयोगी कहिले, ठानेन।
अन्धकारको विरोधमा छट्पटाएको भाले,
गन्धे खोरमा उकुसमुकुसिएको भाले;
दुनियाँमा व्याप्त हुन आइपुग्नेछ एक दिन-
उज्यालोबोकेर आइपुग्नेछ एक दिन,
आइपुग्ने छ निश्चय नै;
अनि बास्ने छ यो भाले
स्वतंत्र भएर,
गर्जेर,
थर्केर,
संसारको धुरी चढ़ेरॅ
बास्नेछ-
अंगालोमा सम्पूर्ण विश्वलाई कसेर,
आफ्ना पोथी र जहाज-परिवारको पनि रक्षक बनेर!

## क्रान्ति

क्रान्ति कुरा पनि वास्तवमा ठूला-बढ़ाले
टी-पार्टी र होटलतिर 'रक्सी' र 'रम'-को झमझम्मा
गरिने गफभन्दा माथि केही छैन, केही होइन।
क्रान्ति त लेखनी र भाषणभरि मात्र
सीमित भएर रहेको छ,
गरीबको रगत र पसीना क्रान्तिको नाममा
पानी बनेर बहेको छ !
त्योभन्दा पर कहाँ छ क्रान्ति ?
के यही हो क्रान्ति?
आम-मानिसमा भ्रम जन्माउने शब्दभन्दा माथि
उठ्न सकेन यो क्रान्ति!
प्रत्येक भोटमा नेताले फलाउने मन्त्रभन्दा ठूलो
बन्न सकेन यो क्रान्ति!
यही क्रान्तिको कुराले नै
भोका-नाङ्गालाई अझ नंग्याया, अझ छक्यायो,
तर आएन भोका पेट पर नाङ्गा शरीरहरूमा क्रान्ति।
खोई, कहाँ आयो क्रान्ति ?
क्रान्ति त ठूला-ठूला सिद्धान्तका पुस्तकहरूमा
युग-युगदेखि ओथ्रा बसेको छ,
क्रान्ति आसन र भाषणहरूमा
कासन खाएर युग-युगदेखि रोएको छ,
क्रान्ति त हुने-खाने ठकहरूले
गरीबहरूलाई झुक्य्उने र फकाउने
नारा मात्र भएको छ,
त्यो पुगीसरी बाँच्नेहरूको
मोहनी-गीत मात्र हो,
अभाव र असुरक्षामा बाँच्नेहरूको
केवल सपना मात्र हो।
रातो झंडाको जुलुस कहाँ हो क्रान्ति!
विप्लवी नारा र अभिनन्दन कहाँ हो र क्रान्ति!

यो पनि एक हुल, एक जमात र एक छिमल
मान्छेका निम्ति मात्र रहेछ,
यो पनि सत्ता र भत्ताभन्दा पर
केही होइन रहेछ,
क्रान्तिको नाममा माम खानेहरूको कामभन्दा पर
केही होइन रहेछ,
यसैले-
अहिलेसम्म कहाँ आयो क्रान्ति ?
खोई क्रान्ति?
यहाँ मार्क्स, लेलिन, टिटो, माओ, गाँधीको
नाम बेचेर हुन्छ क्रान्तिको कुरा,
भोका, नाङ्गा, हृदयभोगीहरूको नाम बेचेर हुन्छ
क्रान्तिको कुरा,
किनकि क्रान्ति त समाज ठिकादारहरूको ठिका भइसक्यो,
क्रान्ति त सम्पन्नवर्कका मानिसहरूले किन-बेच गरिसक्यो,
यिनीहरूबाट क्रान्ति बलात्कार भइसक्यो।
यसैले-
क्रान्ति-देवी वेश्याको कोठाहरूमा ग्राहकको प्रतीक्षामा
बसेकी बेश्याजस्तै भएर,
प्रत्येक किसान र मजदूरवर्गका हत्केलाका ठेलाहरूमा
रगतका फोकाहरूमा भेला भएर
कति-कति युगदेखि बास बसेको छ।
सिपाहीका बुट-पेटी र किरानीको कलम-मसी भएर।
क्रान्ति आफैमा अल्मलिएको छ,
कतै एक छाक र एक बास भएर त
कतै स्याबासी र तक्मा भएर,
क्रान्ति वास्तवमा मान्छेको एकता र चेतना नपाएर
बेस्यार-बेस्यार भएको छष
क्रान्ति आफैमा रोएको छ।

## मद्रासको सम्झनामा

शारिरिक सम्बन्ध विच्छेद गरेर
तर मानसिक सम्बन्ध स्थापित गरेर
तिमीसँग-
जाँदैछु यहाँबाट-
मायालु सन्ध्या रानी,
मद्रास तिमीलाई छोड़ेर !
मानसिक संसारको आयतनभरि
तिम्रो गरम र मायालु अँगालो पाएर
साँझको रिमझिममा
बंगोपसागरको किनारमा
बैंशको उन्माद बोकेर।
सधैं बेहुली बनेको मद्रास रानी!
प्रत्येक साँझ मेरो जीवनमा
बैशालु साँझ भएर आउनु है!
माया र सम्झनाको रमाइलो संसार भएर
मेरो मनको संघारमा
सधैं-सधैं ढक्ढकाउनु है!
मद्रास! सन्ध्या रानी!
'वड़ाकम' मद्रास रानी!
द्राविडको देश,
मन्दिर र देवालयहरूको देश,
धर्म र कर्मको देश,
इतिहासको धनी भेष;
मद्रास नगरी!

---

वड़ाकम-तामिल भाषामा अभिवादन प्रकट गरिने शब्द।

भाइचारामा मौलिएर, फैलिएर-
झाँगिएको
धर्म, कर्म र मर्मको समानतामा
सहतमा, समाहट र रमाहटमा
आफ्नै रंग र सँगमा समावेश-
धर्म र कर्मको देश,
मन्दिर र देवालयको देश,
इतिहासको अवशेष,
मद्रास प्रदेश!
म तनसँग जाँदैछु यहाँबाट
मनलाई यतै कहीं सम्झनामा अल्झाएर
तामिल हिजको द्रविड़सँग
सम्बन्ध स्थापित गरेर
जाँदैछु म-
तिम्रो सम्झना र मायालाई
आत्मसात् गरेर......!

## मैले पुजनुपर्ने ईश्वरसँग

तिमी युग-निर्माता,
तिमी इतिहास-निर्माता
तिमी देश-निर्माता,
तिमी जग-स्राष्टा,
हे महाशक्ति !
हे मानवरूपी ईश्वर !
तिम्रो रगत र पसीनाका टुक्रा-टुक्रले
तिम्रो बलिदानको वेदीमा
प्रत्येक देश र सीमानाका इतिहासहरू निर्मित भएको छ।
बाँचेका छन्, हाँसेका छन्-
भूमिसात् भएको मेरो जिउँदो भगवान !
तिमीले यो देशको अणु-अणुमा
सम्पूर्ण लुटायौ,
सम्पूर्ण गुमायौ,
तर तिमीले पाउनुपर्ने मान्छे जन्मसिद्ध अधिकारसम्म पाएनौं,
तिमी त प्रत्येक आवाजसँग झुक्किएका छौ,
तिमी त प्रत्येक कदममा लुटिएका छौ !
यसैले हे इश्वर !
तिम्रो उन्मुक्तिको निम्ति
स्वयम् तिमीहरू
उठिदेऊ !

**महाजन्म**

मान्छेले जन्म ग्रहण गरेपछि

जीवनभर निरन्तर-

सूर्य-दीप जस्तो

बाँच्न सक्नुपर्छ !

वीभत्स युगको आयतनभरि

क्रान्ति जन्माउनुपर्छ :

मान्छेको पाइला-पाइलामा

अग्नि जस्तो

क्रान्ति उम्रिनुपर्छ !

नत्र मान्छेको इतिहासमा

निर्जिवता पलाएर ढुङ्गा जस्तो

बेवारिस युगको गर्भबाट

शायद कलंकित मान्छेहरू मात्र जन्मिनेछन्,

शायद युगमा काला आयाम मात्र थपिनेछन्,

शायद मान्छेका कथाहरू फोसिलमात्र बन्नेछन्;

विपनाहरू असीमित बन्नेछन्।

सीमानाका संघर्ष मात्र क्रान्ति होइनन्

सत्ताका निम्ति सिर्जेका बाढ़हरू मात्र पनि क्रान्ति होइनन्;

क्रान्ति त मान्छेको जन्मसिद्धअधिकारबाट जन्मिनुपर्छ,

क्रान्ति त खेतका आली र बारीका कान्लाबाट उम्रिनुपर्छ,

किनकि क्रान्तिको जन्म नै वास्तवमा मान्छेको महाजन्म हो !

अन्तिम सफलता हो,

उन्नतिको चरमसीमा हो।

तप स्वयं मान्छेहरू

अमर अस्तित्व ग्रहण गरेर

मान्छेको विशालता र सम्पूर्णताको निम्ति

आफ्नो रगत मुठ्ठी लिएर

स्वयं शपथ ग्रहण गर्नेछन्,

नयाँ जीवनको

कलंकित जुनीलाई

बैतरणी तारेर

उद्घोषणा गर्नेछन् नयाँ जन्मको

क्रान्तिको गर्भबाट यसरी

महामान्छेहरू जन्मिनेछन्।

## यस भेकका उकुसमुकुस र स्थिति

अहिले म स्तब्ध छु कि शायद......
हिउँले कठ्यांग्रिएका औंलाहरू झैं,
अहिले म जीवन बाँच्दै छुइनँ कि शायद......!
प्यास मेट्न नसकेक समुद्रका यात्रीहरू झैं।
यहाँ उज्यालो छेक्न पहाड़हरूलाई
विस्फोटन गर्नुपरेकै छ मैले,
सर्वहाराका शक्तिहरू संगालेर
चिसा ढिस्कना नै नहोस् किन
यहाँ जघन्य आक्रोशको मोहरी लाएर
भत्काउनै परेको छ मैले,
जलाउनै परेको छ मैले,
ओझेल निलेको जीवनमा
एउटा नयाँ सूर्य जन्माई
एउटा अर्को वसन्त सजाउनु परेको छ ऐले !
जुन वसन्तले मानवमात्रको समाजमा
ल्याओस् समानताको अत्यन्त रमाहट।
त्यसैले त निदाउनु भएको छैन अबोपरान्त।
हो अब म निदाउने नै छैन
केवल अमावस्याको परिवेशभरि
मेरो जीवन!
फगत यो निदाउरो स्थितिलाई ओढ़ेर
अब क्षणभर पनि निदाउने छैन

जागरणको ट्रेञ्चबाट साहसिकता चिच्चाउँदै
आफ्नै शत्रु आफ्नै दुर्बल पक्षहरूको विरूद्ध
संघर्ष छेड्नेछु।
जीवनको सत्य अस्तित्वलाई
उज्ज्वलताले सिंगार्दै,
मान्छेको सत्यास्थालाई
प्रबलतालाई डोर्याउँदै-
मात्र मनुष्यत्व र मानव आकांक्षा
अभियानका गीतहरू गुञ्जाउँदै
वर्ग-भेद भयावह दुरत्वलाई मेटाउँदै
मेरा, गीत, मेरा पाइलाको गीत
अथक बढ्दै जानेछ,
बढ्दै जानेछ
अथक अनि अदम्य गतिलाई उचालेर
आखिर त्यो निष्कर्षसम्म
जहाँ, मान्छे मान्छेलाई चिन्न सकोस् छर्लङ्ग!

## हामी हुनुको बोधमाथिको एउटा सत्य

यस रंगभूमिमा
यस कर्मभूमिमा
तिमी र म एकसाथ भएर
एक हात भएर
तन, मन, धन भएर
कि हामी भएर
अघि बढ़े उँभो चढ़े
अवश्व पनि हामी यस धरातलमा
यस जगमा
हामी, हामी भएर बाँच्न सक्नेथ्यौं!
हामी पनि मान्छेको मन-प्राण सम्मानसँग
नाच्न, हाँस्न-बाँच्न सक्नेथ्यौं !
हामी एक्लै पहाड़ फोर्छौं
म नै म भएर
ममात्रै बाँच्छु भन्ने
यो प्रबृतिले नै त
आज हामी न 'म' नै हुनसकेका छौ,
न 'तँ' नै हुनसकेका छौं,
हामी कहीं हुन सकेनौं!
'नहुनु' नै हाम्रो इतिहास भयो,
अभाव र असुरक्षा नै हाम्रो देश भयो,
तिरस्कार र बहिस्कार नै हाम्रो उपलब्धि भयो।

हामी अतृप्त तिर्खा र अनन्त रहर

शोषण दमनभित्र पनि चुपचाप बाँच्ने हाम्रो थर

हाम्रो खोई घर?

यसैले, एकपल्ट भए पनि हामी बेघर-बेथर,

आफूमाथिको जर्जर-इतिहासलाई पढ़िहेर!

आफ्ना ढुकढुकीहरूमा एकपल्ट, केवल एकपल्ट भए पनि

आफूलाई खोजिहेर! आफ्नै अचेतनाको संसारमा

यदि कहीं तिमी अल्झेका रहेछौ भने,

तिमी जिउँदै हौ भने !

-तिमी र म भएर,

-कि 'हामी भएर-

मैनाम र टेन्डोङका चुचुरामा

आफ्नो इतिहास र अस्तित्वको

गजुर निर्माण गर्नुपर्छ कि!

बाँच्न सधैं-सधैंलाई मैनाम र टेन्डोङ भएर,

बहन...अनन्त अनन्तसम्म टिस्टा र रंगीत भएर.........

बाँच्न.....मान्छेको देशमा भएर.......।

एकलकाँटे मान्छेहरू

(क)

एउटा आकारभरि बाँच्ने मान्छे :
एउटा पेटभरि बाँच्ने मान्छे !
शहरदेखि गाउँहरूसम्म
बस्तीदेखि फुटपाथसम्म
युग-युगदेखि
छरिएर
फैलिएर
एउटा मजदूर नाम्ले-मान्छे !
एउटा सिपाही-मान्छे !
एउटा दर्वान-मान्छे !
एउटा चपरासी-मान्छे
एक मजदूरी
एक ज्याला
एक तलब
-भएर बाँच्छ!!
एक श्वावासी
एक बेहोसी
-भएर बाँच्छ!!
चमललाउने
बाल्ने
खाने
-भएर बाँच्छ!
यसैले. यी मान्छएः
आँखा भई-भई अन्धा छन्,
खुट्टा भई-भई लगंड़ा छन्
कान भई-भई- बहिरा छन्।
देश निर्माणमा यी मान्छेको

बलिदानको इतिहास लेखेर साध्य छैन
यिनै मान्छेको यही देशमा तर
कहीं सानो इतिहास र अस्तित्व किन छैन?
सीमानामा यी मान्छेको छाती पर्खाल भइ
उभिएको छ।
तर यही मान्छेको रगतले लेखिएको इतिहासमा
यही मान्छेको नाम छैन, किन?
र पनि यो मान्छे केही भन्दैन, गुनासो गर्दैन
किनकि यो मान्छे-
न त जातिवादी नै छ
न त अस्तित्ववादी नै छ
न त समाजवादी नै छ
न त साम्यवादी नै छ
न त मानववादी नै छ
यो मान्छे त केवल भातवादी र पेटवादी छ !
यसैले, यस मान्छेलाई
एक छाक भात भए पुग्छ
एक रात सुत्ने खाट भए पुग्छ
यसैले त-
आफ्नो रगत र परिश्रामले निर्माण भएको घरमा
घिच्रोमा साङ्ली बाँधिमागेर
फालिदिएका हड्डीहरू चबाउँदै
बाँच्दै बूढ़ो कुकुर जस्तो-
यथार्थको हड्डी चबाउँदै
नाँचिरहेछन्.......एकलकाँटे मान्छेहरू।
-कति दिन बाँच्ने हुन् यसरी
यी एकलकाँटे मान्छेहरू?
-अब कति?

## भानुलाई सम्झेर

दिन-दिनै भानु जन्मेर
हरेक साँझमा अस्ताए पनि
यहाँ तर सधैं-सधैं २९असारे भानु
चम्किनरहेछन् ! चम्किरहेछन्!
हे भानु!
तिमीले नै त हो नारा लगाएको
'लोकको हित' गर्दा-गर्दै
अरूको खातिर मर्दा-मर्दै
आफू बाँच्न पनि भुलिसकेछौं, भुलिसकेछौं, उफ्-भुलिसकेछौं,
आफ्नो खातिर मर्न पनि बिर्सिसकेछौं
आफ्नो संसार सजाउनसम्म फुर्सद छैन यहाँ
तिमी वचनबद्ध हुनुपर्दा
हामी भने दिन-दिनै
अव्यवस्थित र अस्तव्यस्त भइसकेछौं।
हो भानु,
तिम्रा राम-लक्ष्मणहरू त सधैं-सधैं
रगतका साँधहरू कोर्न लाएर
हिमालका हिमाच्छादित पाखादेखि
मरूभूमिका छात्तीसम्म
मानिसहरूलाई सताउन लागेका छन्।
विवशताले हो वा बाध्यताले
अरूकै इतिहासको मूर्ति स्थापना गरेर
अरूकै संसार निर्माण गर्नु परेर
बेचिएका छन् सीता, रामहरू समेत।
भोटको बजारमा साह्रै-साह्रै सस्तिएर,

नत्र.....नत्र आज यी गाउँ-घरका झोपड्ीहरूमा
आएर हेर एकपल्ट
कि कसरी त्यहाँ-ती गरीब किसानहरू
ती सर्वहाराका छोरा-छोरीहरू
भोक-भोकै रोइरहेछन्, भोक-भोकै सुस्ताइरहेछन्,
गुंडमा चारो पर्खेर बसेका बचेरा झैं
करूण र दर्दनाक वातावरण जन्माएर
आफ्नै घरभित्रको करूण क्रन्दन, पुकारहरूलाई
आफ्नै मुटुभित्रका कुण्ठित आवाजहरूलाई
यहाँ बोलिदिने कोही छैन
यी समस्याका पर्खालहरूलाई
यहाँ भत्काइदिने कोही छैन, सम्याइदिने कोही छैन।
यी झरी र बादलले पुरेको देशमा,
तूफान बनेर भिड़िदिने कोही छैन,
सीता र राम बनेर लड़िदिने कोही छैन।
यसैले हे भानु !
तिम्रा सन्तानहरूको देश
एउटा श्रापित घर हो;
यसरी.......
आफ्नै घरभित्रका दुश्मनहरूसँग हारेर
आफ्नै घरहरूको निर्माण गर्न छाड़ेर
विदेशिएका नामर्द राम र सीताहरू
दासत्वका साङ्लोले घिच्रोमा कसिएर
'जदौ हजु' भन्दै पत्थरका मूर्तिहरूलाई
आत्मा बेच्नु परिरहेछ!
ईश्वर पुज्नु परिरहेछ!!

तर अब ता हाम्रो अस्तित्व
दासत्वका महलहरूमा मात्र बाँच्दैन
बरू दासत्वको संकीर्ण पञ्जाबाट
उन्मुक्तिको शंखनाद गर्नु छ
मान्छेको स्व-अधिकारका निम्ति,
मान्छेको समानताका निम्ति
अब लड़िदिने छौं,
अब ब्यूँझिदिने छौं।
आजको युगको मागका निम्ति
युगसँगै दौड़िदिनु परेको छ,
आजको मान्छएखओ संसारका निम्ति
विचार बद्लिदिनु परेको छ।
यसैले हे भानु !
तिम्रा 'रामायण' 'वधुशिक्षा' र 'भक्तमाला'
मात्र हाम्रा निम्ति पर्याप्त छैनन्,
हामीले त हजार-हजार समस्याहरूको
समाधान गरेर
मान्छेको साँचो अस्तित्व खोज्नुपरेको छ,
मान्छेको साँचो इतिहास निर्माण गर्नुपरेको छ।
यसैले हे कविज्यू!
तिम्रो यो महान् जन्म-जयन्तीमा
हाम्रो प्रतिज्ञा छ-
ती गरीब-पीड़ितहरूका नाराहरूमा
मान्छेमात्रको बाँच्ने अधिकार गुञ्जिने छन्,
अवश्य गुञ्जिने छन् !

## युद्ध अनि युद्ध

**[ क ]**

सीमानामा युद्धभूमि;
पूर्व र पश्चिमको,
उत्तर र दक्षिणको;
देश-देशबीचको,
किंवा वाद-वादको,
राष्ट्र-राष्ट्रबीचको,
युद्ध हुन्छ सीमानामा !

**[ ख ]**

यस्तो युद्ध-
लोकमा,
भूमिमा,
मान्छेमा,
थलमा,
एउटा को हार र अर्काको जीत निश्चय हुन्छ;
तिर जित्ने पनि वास्तवमा खुशी सुखी हुन्छ,
जब यस्तो युद्ध सम्पूर्ण मानवको लागि नभएर
एक जमात
एक मुठ्ठी शासक र शोषकको स्वार्थमा अल्झेको हुन्छष
कि त विस्तारवाद, साम्राज्यवादको लागि लड़िन्छन्,
तब कसरी मान्नु
यो मानव-हितार्थ लड़िने युद्ध भनेर ?
यो मानव-सम्मानका निम्ति सृजेको युद्ध भनेर ?

**[ ग ]**

यस्तो युद्ध संग्रामबाट
लाखौं-लाख अर्को युद्धभूमि सृजना भएको हुन्छ।
त्यो पूर्व र पश्चिमको सीमाना होइन,

देश-देशको बीचमा होइन,
पर त्यो घर-घरमा,
मान्छे-मान्छेमा
भयावह युद्ध आक्रमण हुन्छ!
प्रत्येक घर र मान्छे नै
वास्तवमा युद्धभूमि बनेको हुन्छ!
यहाँ धर्मको नाममा व्यापार गर्ने ठक-पण्डाहरू जस्तो
अभिनय गर्नुपर्छ देशभक्तिको नाममा
खाली पेटहरू बन्धख आखेर साहुको घरमा
बन्दूक उठाउनुपर्छ बोक्रे गर्व र खोक्रो देशको नाममा।

**[ घ ]**

'ढिस्कामा फलानोलो बम पड्कायो !'
'पश्चिममा यति मरे !'
'सीमानामा उति मरे !'
-मर्न त मरे, को ? -मान्छे!
-कसले मार्‍यो? -मान्छेले !
-मान्छेले मान्छेलाई ! किन.......?
यस्तो अपराध मान्छेकको छात्तीमाथि भएको छ।
यसको प्रायश्चित हामीले अब गर्नुपर्छ।
नत्र हामी बर्वाद हुनेछौं,
मान्छेको नाममा आकारमात्र रहनेछौं,
किनकि मान्छेको छातीमाथि
यो युद्धभूमि तिमीले स्थापना गरेको हुनुपर्छ,
यो सीमाना तिमीले निर्माण गरेको हुनुपर्छ,
यो रगतको साँध तिमीले कोरेको हुनुपर्छ,
किनकि तिमी 'एटम,' 'न्यूट्रन' बनाउने
-युद्ध लोलुपता हौ?-
-युद्ध विभीषिका हौ !-

तिमी बर्बर युगको जर्जर मानव हौं!

**[ ङ ]**

युद्धमा-
वीरगति प्राप्त गर्ने शहीद छोराका बृद्ध माता-पिताहरू,
स्वास्नी र दूधे नानीहरूको
एउटै रक्षक,
जब सकिन्छ युद्धमा
तब त्यो परिवारको रक्षार्थ
लड़िदिनेको हुन्छ?
यस्ता कड़ोरौं युद्धभूमि छातीमा बोकेर
बाँच्ने अभागी मान्छेको रक्षार्थ
कसैले किन बन्दूक उठाएको छैन ?
किन? किन? किन?
यसैले सम्पूर्ण मानव-रक्षार्थ
एउटा अर्कै युद्ध-घोषणा हुनुपर्छ!
यी नयाँ रङ्ग नयाँ तरङ्ग सबै मान्छेको एकसँग
भएर अब हामीबाट
केवल मान्छेबाट
मान्छेमात्रको निम्ति
मान्छेमात्रको स्वच्छ जीवनको निम्ति
हामीले नयाँ युद्ध-घोषणा गर्नुपर्छ!
किनकि, हामीले लड्नुपर्ने युद्ध अर्कै छ!
मान्छे लड्नुपर्ने युद्धभूमि अर्कै छ !!

## आक्रोशको महोरीबाट विप्लवका कुरा

अन्यायको जाँतोमा जड़ित
मान्छेहरू,
कुण्ठग्रस्त पाइलाहरू,
क्रूसिफाइड सड़कहरू
बोकेर.............
नितान्त एक्लो जीवन
विक्षिप्त स्थिति व्याप्त
खण्डर भएको मान्छेको लक्ष्मण-रेखआ
बाँच्छन्, मान्छेहरू-कल्मश जीवन :
गतिहीन, चेतनाविहीन !
लम्पसार, निश्चल!
आजका निर्माता-
तथाकथित महापुरूष,
शक्तिसम्पन्न ईश्वर,
प्रतिक्रियावादीका घोड़ा,
सत्ता चढ़ेका मोरा
जन्माउन-क्रियाशील छ
पहेली-पहेली व्याप्त
आधुनिक संसार,
व्यापक निराकार
ती मान्छेका
स्वाभिमान र अधिकार भएर
जन्मिरहेछन् बारम्बार।
हिरोशिमा र नागासकी
युगाण्डा र भियतनाम,
बांग्लादेशको जर्जरता

मोक्ष..............!
शोक...............!!
रोग.................!!!
अन्याय, अत्याचार, अनेक थोक
मालिक र पूँजीपतिबाट
जिउँदै लुटिएका,
कुटिएका,
भुटिएका-
कड़ोरौं शोषित वर्ग
र सर्वहाराहरू,
मजदूर र किसानहरू,
भाग्य खोसिएका मान्छेहरू
जन्मिरहेछन्,
आजका व्यवस्था
र मान्छेका निर्देशनबाट !
अहो, साथीहरू-
अबेर भइसकेछ!
आऊ. आऊ!
उन्मुक्तिको मशाल बोकेर
विप्लव रगतमा उमारेर
विशल मान्छेको विशालताको निम्ति
मान्छे, मान्छेको निम्ति
मान्छेको, नयाँ जीवनको शपथ ग्रहण गरौं !
हामीलाई मान्छेबाट शोषित र
सर्वहारा जन्म दिने
समाजका ठिकादार
पूँजिपति र प्रतिक्रियावादीहरूको

आउने बाटोमा
तगारो लाएर
नाकावन्दी गरौं,
नत्र भोलि पनि
यिनीहरू मान्छेको चोखो संसारमा
आएर
ईश्वर बन्नेछन्,
हाम्रो रगत र पसीनाको
पञ्चामृत पिए
हाम्रो कड़ोरौं छोरा-छोरीलाई
मान्छेबाट-
यी ईश्वरहरूले
आफ्ना सुसारे (चौकीदार, पहरेदार, किसान, मजदूर)
पुनः जन्माउनेछन्,
मान्छेबाट लाखौं अमान्छे बनाउनेछन्,
चोखो मान्छेको स्वच्छ अस्तित्वलाई
टुक्रा-टुक्रा पारेर धुजाधुजा पार्नेछन्।
यसैले-
आऊ...आऊ.......!
बृहत् मशाल बनेर
ईश्वरका यी जर्जर बस्तीहरूमा
आगो लगाऊ!
आगो लगाऊ!!

## आफैभित्र बन्दी

स्वतन्त्रताको खोजीमा मान्छेहरूको इतिहास
युग-युगदेखि
कहिले मान्छेका रगतले
त कहिले अन्जान मान्छेका आँसुले
लेखिंदै गए
कोरिंदै गए
मान्छेको सम्पूर्ण अस्तित्वलाई
मान्छेले विभक्त पार्दै लगे
लाखौं, करोड़ौं भागमा बाँधहरूमा परिणत गरेर।
मान्छेले यदि खुल्ला र चोखो संसारलाई
आ-आफ्ना मुट्ठीमा कसेर
आफ्ना घर बाहिर र कोठेबारीमा परिणत गर्दै लगे।
यसैले मान्छे खुम्चिएर व्यक्ति र
विश्व खुम्चिएर घड़ेरी बन्दै गए।
यसैले मान्छेले आफ्ना घर सीमाना-सीमानामा
आफ्ना-आफ्ना झण्डाहरू गाड्न थाले
आफ्ना-आफ्ना आँगन र घड़ेरी निर्माण गर्न थाले,
आफ्ना-आफ्ना पार्टी र जातिहरू बनाउन थाले,
आफ्ना-आफ्ना देवताहरू जन्माउन थाले,
आफ्ना-आफ्ना धर्महरू रचना गर्न थाले;
यसैले हिटलर, मसोलिनी, चर्चिल र चङ्गेजखाँ बनेर बाँचे
कहिले यीशू, गाँधी र बुद्ध जस्ता बनेर हाँसे
कहिले मार्क्स, माओ र लेनिन बनेर नाचे।
यसरी...
यस संसारमा मान्छेहरूले खाल-खालका अभिनय गरिसके
यस रंगमञ्चरूपी संसारमा
आफ्ना-आफ्ना नाटकहरू रचिसके।
यसैले.....

पृथ्वीदेखइ चन्द्रलोक, चढ़िसके मान्छेहरू,
'एटम'-देखि 'न्यूट्रन' बनिसके मान्छेहरू
'हिरोशिमा' र 'नागासाकी' विस्फोट भइसके मान्छेहरू,
बम, बारूद, गोला भएर पड्किसके मान्छेहरू,
युद्धको क्रन्दन र चित्कारहरू बनिसके मान्छेहरू,
रगतको खोलामाथि लाश बगिसके मान्छेहरू,
देश-देशको सीमानामा पर्खाल उभिसके मान्छेहरू,
छातीमा करोड़ौं-करोड़ौं गोली बूलेट थापेर लड़िसके मान्छेहरू
हजारौंपल्ट पश्चतापका आँसुहरू बगिसके मान्छेहरू,
सिन्दूर पुछेका र चुरा फुटेका भाग्य भइसके मान्छेहरू,
भोकले मरेका र शोकले सड़ेका शहीदका रोगी छोरा-छोरी
बाँचिसके मान्छेहरू,
अकालको मृत्यु धेरैपल्ट मरिसके मान्छेहरू,
मान्छे-मान्छेमा शत्रुताको साइनो बाँचिसके मान्छेहरू,
विश्वलाई टुक्रा-टुक्रामा विभक्त गरेर
मान्छेलाई चार जात, छत्तीस वर्ण बाँड़ेर
यत्ति ठूलो विश्वलाई आफ्ना-आफ्ना आँगनमा विभक्त गरेर
मान्छेको पवित्र साइनो र नातालाई
खाल-खालका नाम र काममा परिणत गरेर
बाँचिसके मान्छेहरू.............।
यसरी मान्छेको महास्तित्वलाई
टुक्रा-टुक्रामा विभक्त गरेर पनि-
मान्छे विश्व र विश्व मान्छे बन्न सकेन!
विश्वलाई देश-विदेश र घर-आँगनमा बाँड़िसकेर पनि
मान्छे तृप्त र सन्तुष्ट हुन सकेन!
यसैले यस संसारमा-
मान्छेले बनाएका कुव्यवस्था र सुसंस्कारमा
कि भनौं, आफ्नै बचाइ र भोंगाइको मतलबमा
मान्छे बन्दा बनेका छन्!

-आफैभित्र मान्छे-
-मान्छेभित्र मान्छे-
-वास्तवमा मान्छे बन्दी छन्!
आफ्नै सम्पूर्णताको वरिपरि अल्मलिएर,
आफ्नै स्वार्थको बलिदेवीमा अलन्तर परेर;
आफ्नै खोजीमा अल्मलिएर मान्छेहरू बन्दी भएका छन्!
'जेल' र नेल' बाहिर खुल्ला संसारमा
मान्छेमात्रको यस संसारमा
मान्छए आ-आफैमा बन्दी हुन्।
प्रत्येक मान्छे कारागार बनिसकेका छन्
आफ्ना-आफ्ना विचार र स्वार्थमा
आफ्ना-आफ्ना बचाइ र भोगाइमा
आफैमात्र व्याप्त-मान्छे
आफैमा कैद छ-कैद छ आफैमा।
यसैले आऊ!
आ-आफैबाट बाहिर
आफैबाट आफ्नो उन्मुक्ति लिएर
आफूभित्रको कारागार तोड़ेर
-बाहिर आऊ!-बाहिर आऊ!
यस चोखो संसारमा-
मान्छेको चोखो नातामा-
जल, थल, आकाश जस्तै
-विस्तृतिमा-
मान्छे बाँच्न!

## एउटा कथा-समाप्तिपछिको अर्को कथा

[१]

खै त यी निर्देशन र योजनाहरूमा
मान्छेको बाँच्ने अधिकार र स्वाभिमानका सुरक्षाहरू
खै त यी जुलूस, नारा र क्रान्तिका लहरहरूमा
सम्पूर्ण जीवन आयतन-निर्माणका कुराहरू?
खै त यी गल्ली र बस्तीका घरहरूमा
समाज-व्यवस्थाका स्वच्छ उपलब्धिहरू?
यसर्थ मलाई लाग्छ-
यी योजनाका कुराहरू पनि
दर्शकहरूलाई लट्याउने
फगत चलचित्र-घरका रंगीन पर्दाहरू हुन्,
यसैले-
यी शहरका गल्ली, सड़क र पेटीहरूमा
यी गगनचुम्बी महलजस्ता अट्टालिका
र दिंउसै जून-तारा देखिने स-साना झोंपड़ीहरूमा
छातीभरि घाउ बोकेका यी मान्छेका घायल हूलहरूमा
मैले बाँच्नुपर्ने राजजस्ती यी न्यास्रा-न्यास्रा दिनहरू
मैले अप्नाउनुपर्ने यी दुर्गन्धयुक्त स्थिति र वातावरणहरूमा
मैले देखिरहेछु मान्छेका हताश-हताश जिन्दगीहरू !
मैले देखिरहेछु मान्छेका भ्रष्ट-भ्रष्ट करूण कथाहरू !
उफ्, कति ग्रस्त छन् यहाँ
मान्छेका लाखौं जिन्दगीहरू
उफ्, कति यातनायुक्त छन् यहाँ

मान्छेका लाखौं-लाखौं कहानीहरू
बस, सधैं-सधैं 'खुईय' भएर बाँचिदिनुपर्ने स्थिति बोकेर
समस्याग्रस्त परिवेश समेटेर
केवल उकुसमुकुस र छटपटिभित्र
प्राप्ति खोज्दै-खोज्दै कुण्ठित बनेका 'लालबजार रोड' जस्तो
बाँच्नु परिरहेछ चूपचाप, चूपचाप!
सपेराका इसारमा नाच्ने सर्पजस्तै
कसैके इसारामा नाच्नु परिरहेछ चूपचाप, चूपचाप!
मान्छेले पाएको एउटा जीतमा
मान्छेले पाएको एउटै हारले
उपहास गरिरहेछ एक कुनाबाट मान्छेको सम्पूर्णतालाई,
अनि मान्छेले पाएको एउटा हाँसोमा
त्यही प्राप्तिको अर्को पाटो समावेश भएका आँसुहरूले
बहिष्कारिरहेछन्, मान्छेको सम्पूर्ण व्यवस्थालाई।
कति अचम्भको कथा यो,
कत्ति उदेकको देश हो यो!
आफ्नै समाप्तिको चिता बोकेर
आफ्नै मृत्यु दिवसमा 'रेकविम्मास' गाउने
गायकहरू बस्छन् यहाँ
आफ्नै समाप्ति र पतनका निम्ति विद्रोह क्रान्ति गर्ने
संग्रामी मान्छेहरू बस्छन् यहाँ।

[२]

हिजो सृजना भएका तूफानहरूले
उड़ाइ लान सकेनन्

मान्छेका गाउँ र बस्तीहरूबाट
सड़ेका सिनु र रोगका किटाणुहरूलाई,
हिजो आएका साना-साना भूइँचालहरूले पनि
लड़ाउन सकेनन्
उज्यालो निल्ने बूढ़ा डाँड़ाहरूलाई
हिजो भएको आगलागीले पनि
जलाउन सकेनन्-
यी बस्तीका अन्धकारहरूलाई।
बरू झन्-झन् थपेर गए
सुकेनाशका बीजहरू
हरिया फूलका बोटहरूमा
र डड़ेलो सल्काएर गए
मान्छेका भग्न बस्तीहरूमा।
यसैले निस्सासिन्दा सम्पूर्ण वातावरण!
पासोमा छट्पटिएको स्थिति?
भीषणताले निल्दै लान्छ मान्छेको सम्पूर्णता।
तब त मान्छेको छात्ती विस्फोट हुन खोज्छ विषमताले
तब त मान्छेको जिन्दगी उकुसमुकुसिन्छ युयुत्साले
तर पनि किन हो किन,
निश्चल छ देवराली र मैनाम डाँड़ा।

[३]

यहाँका स्वच्छ यी हिमाली पाखा र डाँड़ाहरूमा
यहाँका सरल यी बस्ती र गाउँहरूमा
टिस्टा र रंगीतका किनारहरूमा

डेन्जोङ र मैनामका काखहरूमा
मान्छेको सम्पूर्णता बेचिएको देखें!
मान्छेको रगत र पसिनाको हत्या भएको देखें!
यसर्थ मान्छएखआ हत्केलाबाट-
बिलाउँदै जाँदैछन् मुटुका फूलहरू,
फस्टाउँदै जाँदैछन् विश्वका विकृतिहरू,
फस्टाउँदै जाँदैछन् पतनका बीजहरू,
यसैले यी हातहरूले अब त
निर्माण गर्ने हतियारहरू मात्र बनाउनुपर्छ।
या राजजस्ता अँध्यारा दिनहरूमा
जन्माउन सक्नुपर्छ अब त
स्वस्थ सूर्य-वालक एउटा
र बूढ़ो सूर्यको भरोसामा निदाएका कुम्भकर्णहरूलाई
ब्यूँझाउन सक्नुपर्छ अब त
मान्छेका गाउँ-बस्तीहरूमा
मुक्ति-संग्रामका राँकोहरू सल्काएर
मान्छे-मान्छेहरूमा-
अधिकारका नयाँ बस्ती बसाएर
र हामी बाँच्न सक्नुपर्छ अब
विपनाको (मान्छेको) स्वस्थ देश निर्माण गरेर।
तबमात्र एउटा कथाको समाप्तिपछिको अर्को सुन्दर कथा
निर्माण गर्न सक्नेछौं कि?
तब मात्र आफ्नै प्रबलतामा हामी
फेरि मान्छेजस्तो बाँच्न सक्नेछौं कि?

## आकाश-गंगाको देशमा धमिलो नदी

पराधीनताभित्र गुटमुटाएर
मानव इच्छा-आकांशा
सपना-विपना बहाउँदै
ढुँड़ी परेको इतिहास विश्वको खर्पनमा
बगिरहेछ धमिलो नदी।
धमिलो नदीका दुइ किनारमा
युग-युगदेखि निःसार बगरहरू
काकाकुलको तिर्खा भएर
अनन्त-अनन्त प्यासी किनारहरू
सङ्लो पानीको प्रतीक्षा लिएर
कुरिरहेछन् युग-युगान्तर।
अभिशप्त किनार
धमिलो पानीको गतिभित्र-
यस्तो नदीभित्र
भएर बहिरहेछ
-एक युग
-एक इतिहास
-बगर र किनाहरू
हेरिरहेछु केवल, हेरिरहेछु, केवल
धमिलो पानी।
यो धमिलो नदीभित्र
एउटा बैशालु युग बहेर जाँदैछ
एउटा जिउँदो इतिहास तुहेर जाँदैछ
जिउँदा मान्छेका लाशहरू बहेर जाँदैछन्

मान्छेका ठूला भागहरू
यस्तै धमिलो नदीमा
युग-युगदेखि बहेर सकिंदै रहेछन्।
यस्तै नदीको किनारमा उभिएर मान्छेले
आफ्नो प्रतिबिम्म देख्न सक्दैन
स्वयं-बोध गर्न सक्दैन,
किनकि स्वयं धमिलो नदी अस्तित्व हुन्छ
धमिलो नदी अकाट्य स्वार्थी हुन्छ
मान्छे मनुष्यत्वहीन भएर
केवल एउटा रगकको वक्र सीमानामा चल्मलाउँछन्,
अल्याङ्ग-टल्याङ्ग गर्छन्, अनि
उ धमिलो नदी स्वीकार्छ,
किनकि वास्तवमा मान्छे एक्लै हुन्छ
फगत-एक्लै हुन्छ।
यस्ता नदीका गीतहरू
केवल धमिलो अस्तित्व अँगालेर
एक्लो नितान्त एक्लो, एक्ला मान्छेहरू
मान्छेका सम्झौताहीन जत्थहरू
आफैलाई धिक्कार्न वाध्य हुन्छन्।
किनकि भाग्यको खोजीमा हत्केलाका
वक्र-रेखाहरूमा अल्मलिएर
अस्तित्वलाई बन्दगी राख्ने मान्छेहरू
धमिलो पानीमा आफू हुनुको बोध खोज्छन्!
यसरी आफ्नो खोजीमा आफै असफल भएपछि-
आफ्नै गालामा थप्पड़ लगाउँछु-भन्छ्न!

आफ्नै छातीमा छुरी हान्छु भन्छन्!
यसरी धेरै जुनीको हत्या भएपछि-
युग-युगपछि फेरि-
एक छिमल एक्लो मान्छेहरू,
एक छिमल खोक्रा मान्छेहरू
एक छिमल ख्याउटे मान्छेहरू,
जिउँदो मुर्दाको प्रमाण-पत्र छातीमा टाँसेर
यो धमिलो नदीको किनारमा
आफूलाई जलाउने चिता बनाउँछु-भन्छन्!
भँगेराको रीसले घरमा आगो लगाउँछु भन्छन्!
हल्लाले हूलहरू र समूहहरूलाई निलको रहेछ
अघि पनि निलेकै रहेछ,
हल्लाले सृजना गरेको व्यवस्थाभित्रको मान्छे
एक्लै बाँच्दोरहेछ,
एक्लो-एक्लो मान्छेहरू
वास्तवमा खोक्रो मान्छे मात्र रहेछन्,
यस्तो खोक्रो मान्छेले बनेको समाज
एउटा कालो खण्डर मात्र रहेछ!
मान्छएखओ इतिहासमा ठूला 'भ्याकुम' सृजित रहेछ!
किनकि यो समाज
खाक्रो मान्छेको व्यवस्था
मात्र युगलाई 'कफिन' हो!
यसैले मान्छेको समाजबाट
टाउको-टाउको भएर
आज पनि बहिरहेछ बहिरहेछ...

धमिलो नदी।
यो नदी त मान्छेमा सीमित तीतो सत्य रहेछ।
यी धमिला आकारहरू त मान्छे-मान्छे बीचका
खाल्डा रहेछन्!
यो नदीभित्र बहँदै सकिंदै गरेको
लावारिश युगलाई
नियाल्दै झोंक्रिरहेको रोगी बूढ़ो मान्छे
एउटा बदनाम युग रहेछ।
एक्लो मान्छे रोगी युग रहेछ
एक्लो मान्छेमा अल्झेको युग
इतिहासको 'फोसिल' पृष्ठ रहेछ!
फोसिल-पृष्ठ भएर बाँच्ने मान्छेहरू
अब एक्लो मान्छेहरू धमिलो नदी किनारमा
सर्मपित हुनुहुँदैन बगर भएर
अब धमिलो नदी मान्छेको बाहुल्यको टाउको चढ़ेर
बहनु सक्तैन,
सम्झौताको लिस्नु थापेर परस्परमा
युग र विश्वलाई टाउकोमा उठाएर
मान्छेहरू 'क्रेटर' जस्तै अधिकारका निम्ति
फैलिंदै-फैलिंदै धमिलो नदीको
विरोधमा उठ्नुपर्छ!
आकाश-गंगा अब मान्छेले तर्नुपर्छ!!
धमिलो नदीमा आगलागी हुनुपर्छ!!